


# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

HYATT
REGENCY




FITNESS CENTRE



PRESIDENTIAL SUITE

# विषय सूची


| विषयहरु | | पृष्ठ नं. |
|---|---|---|
| १. | प्रोक्सी फारम | ख |
| २. | सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन | १ |
| ३. | लेखापरीक्षकको प्रतिवेदन | १३ |
| ४. | वासलात | १५ |
| ५. | नाफा नोक्सान हिसाब | १६ |
| ६. | नगद प्रवाह विवरण | १७ |
| ७. | इक्विटीमा भएको परिवर्तनको विवरण | १८ |
| ८. | प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धी टिप्पणीहरु | १९ |
| ९. | अनुसूचीहरु | २५ |
| १०. | लेखा सम्वन्धी टिप्पणीहरू | ३२ |
| ११. | नोट | ३६ |

## सञ्चालक समिति

श्री राधेश्याम सराफ
श्री अरुण कुमार सराफ
श्री सुरेशलाल श्रेष्ठ
श्री तारागाउँ विकास समिति- १ जना प्रतिनिधि (हाल मनोनयन नभएको)
श्रीमती कमला देवी श्रेष्ठ
श्री उमेश सराफ
श्री राजेशलाल श्रेष्ठ
श्री वरुण सराफ
श्री इन्द्रप्रसाद राजभण्डारी
श्री श्रीवत्स शमशेर राणा
श्रीमती दिजा श्रेष्ठ

## बरिष्ठ उपाध्यक्ष

श्री शेखर राणा

## कम्पनी सचिव

श्री सुजित कुमार झा

## वित्तीय अधिकृत

श्री रानी बंग

## लेखापरीक्षक

श्री बि.के. अग्रवाल एण्ड कम्पनी
चार्टर्ड एकाउण्टेण्ट्स

## रजिष्टर्ड अफिसः

बौद्ध, जि.पि.ओ. बक्स ९६०९, काठमाण्डौ, नेपाल । फोनः ५१७१२३४, फ्याक्सः ५१७८३७९
Email: info@taragaon.com, share@taragaon.com

**३.१९.१७ प्रति शेयर आम्दानी:**

प्रति शेयर आम्दानीको गणना तल प्रष्ट्याईएको छ :

| विवरण | यस आ.व | गत आ.व |
|---|---|---|
| यस वर्षको कर पछिको नाफा (रु.) | १३,६७,१०,१९७/- | १६,२२,३९,२२५/- |
| साधारण शेयरको भारित औसत संख्या (एकाई) | १,८८,६६,५४०/- | १,८८,६६,५४०/- |
| Diluted साधारण शेयरको संख्या (एकाई) | १,८८,६६,५४०/- | १,८८,६६,५४०/- |
| शेयरको न्युनतम मूल्य | १०० | १०० |
| प्रतिशेयर आम्दानी | ७.२५ | ८.६० |
| Diluted प्रतिशेयर आम्दानी | ७.२५ | ८.६० |

**३.१९.१८ अन्य व्यवसायिक आम्दानी:**

कम्पनीको अन्य व्यवसायिक आम्दानी मूख्य व्यवसायसँग सम्बन्धित छैन । त्यसैले यस अन्तर्गत लागत समायोजन पश्चात्को आम्दानीमात्र लेखाङ्कन गरिएको छ ।

**३.१९.१९ समूहकृत प्रतिवेदन:**

कम्पनी एक मात्र समूहकृत होटल व्यवसायमा संलग्न रहेको हुनाले समूहकृत प्रतिवेदन खुलाउन आवश्यक नदेखिएको । यसको अतिरिक्त कम्पनी नेपालमा मात्र सञ्चालन रहेको हुनाले भौगोलिक समूहकृत अन्तर्गत अतिरिक्त जानकारीहरु आवश्यक नभएको ।

**३.१९.२० बीमा क्षतिपूर्ति दाबी :**

भूकम्पको कारण यस कम्पनीले रु ८.४ करोड भवन तथा मेशनरीको मर्मत तथा सम्भारको लागि खर्च गरी शिखर इन्सुरेन्स कम्पनीबाट बीमा क्षतिपूर्तिको दाबी गरेको छ । कम्पनीले क्षतिपूर्ति दाबीबाट जम्मा रु. ५ करोड प्राप्त गर्ने अनुमान गरेको तथा सो रकमलाई मर्मत तथा सम्भारको खर्चबाट समायोजन गरी बढी रकम रु. ३.४ करोडलाई खर्चको रुपमा लेखाङ्कन गरिएको छ । यदि कम्पनीले बीमा कम्पनीबाट प्राप्त गर्ने क्षतिपूर्तिको अनुमानित रकम भन्दा कम वा बढी रकम प्राप्त भएमा प्राप्त भएको अवधिमानै आम्दानी वा खर्चको रुमपा लेखाङ्कन गरिने छ ।

**३.१९.२१ इन्धन खर्च :**

यस कम्पनीले नियन्त्रण भन्दा बाहिरको अवस्थाको कारणले रु. १.४२ करोड बराबरको इन्धन खुल्ला बजारबाट खरिद गरेको छ । होटेल संचालन गर्नको लागि इन्धन अति आवश्यक रहेको तर नाकाबन्दीको कारणले बजारमा इन्धनको आभाव भएको हुनाले बाध्य भएर यस कम्पनीले सामान्य दर भन्दा बढी दरमा इन्धन खरिद गरेको तथा व्यवसायसँग सम्वन्धित भएको हुनाले इन्धन खरिदलाई खर्चको रुपमा लेखाङ्कन गरेको छ ।

**३.१९.२२ रकमहरुको पूनःसामूहीकरण:**

गत आ.व. सम्म अन्य तालिम खर्चलाई अन्य खर्च अन्तर्गत समावेस गरेर लेखाङ्कन गरिएको थियो तर कम्पनीले यस आ.व. देखि अन्य तालिम खर्चलाई प्रशासनिक तथा साधारण खर्च अन्तर्गत छुट्टै समूहमा देखाएको छ र सोहि अनुरुप गत आ.व. को अन्य तालिम खर्च लाई पनि छुट्टै देखाइएको छ ।

**३.१९.२३ निकटतम् रकम:**

वित्तीय विवरणको रकमहरुका पैसाहरुलाई निकटतम् रुपैयाँमा देखाइएको छ ।

**३.१९.२४ विविध:**

सम्पूर्ण रकमहरुलाई नेपाली रुपैयाँमा देखाइएको छ ।

## नोट

# २० औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७३।०९।०८ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको २० औं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :

**सभा हुने मिति, समय र स्थान**

मिति : २०७३ फाल्गुन १७ गते मंगलबार (तदनुसार फेब्रुअरी २८, २०१७)
समय : दिनको ११ बजे
स्थान : आर्मी अफिसर क्लब, भद्रकाली, काठमाण्डौं ।

**२० औं वार्षिक साधारण सभामा छलफल तथा निर्णयको लागि निर्धारित विषयको सूची**

**(क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको आ.व. २०७२।०७३ को प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७२।०७३ को वासलात, नाफा–नोक्सान हिसाब खाता तथा नगद प्रवाह विवरणहरु स्वीकृत गर्ने ।
३. आ. व. २०७३।०७४ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको परिश्रमिक निर्धारण गर्ने । (हाल वाहलवाला लेखा परीक्षक वि. के. अग्रवाल एण्ड कम्पनी पून नियुक्तहुन सक्षम हुनुहुन्छ ।)
४. विविध ।

**(ख) विविध ।**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

**द्रष्टव्य :**

मिति २०७३।१०।२५ गतेदेखि २०७३।११।१७ गतेसम्म कम्पनीको शेयर दाखिला खारेज गर्ने कार्य बन्द रहनेछ । नेपाल स्टक एक्स्चेन्ज लि. मा मिति २०७३।१०।२४ गतेसम्म नियमानुसार कारोबार भई यस कम्पनीमा २०७३।११।०३ गतेसम्म दाखिला खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयर धनी कायम गरिनेछ ।

# २० औं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले यो पुस्तिका तथा पुस्तिकामा भएको प्रवेश पत्र साथमा लिई आउनु हुन अनुरोध छ । कम्पनीको वार्षिक साधारण सभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, आर्थिक विवरण, प्रस्ताव लगायतका कागजातहरु सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यथासमयमा पठाईनेछ । कारणवस कसैलाई उक्त प्रतिवेदन प्राप्त नभएमा होटलको रजिष्टर्ड कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

२. सभामा प्रवेशका लागि आउनुहुने शेयरधनी महानुभावहरूले आफ्नो कुनै परिचयपत्र सहित शेयरधनी प्रमाणपत्रको प्रतिलिपि वा कम्पनीको शेयर अभौतिकरण गरिसकेका शेयरधनीहरूको हकमा हितग्राही परिचय पत्र नं. साथमा लिई आउनुहुन अनुरोध छ । प्रतिनिधि नियुक्ति गर्ने व्यक्ति कम्पनी वा संगठित संस्था भएमा त्यस्तो कम्पनी तथा संस्थाको छाप सहित अधिकार प्राप्त व्यक्तिको दस्तखत गरेको पत्र सहित उपस्थित हुनुपर्छ ।

३. सभामा भाग लिन र मतदान गर्नको लागिको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समयभन्दा कम्तीमा ४८ घण्टा अगाडि होटलको रजिष्टर्ड कार्यालय बौद्ध, काठमाण्डौंमा प्रोक्सी फाराम दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधि पत्र (प्रोक्सी) प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा हुनु पर्नेछ ।

४. प्रोक्सी नियुक्त गर्ने शेयरधनीले आफूले लिएको सम्पूर्ण शेयरको प्रोक्सी एकै व्यक्तिलाई मात्र दिनु पर्नेछ । अन्यथा प्रोक्सी फाराम मान्य हुनेछैन ।

५. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट होटलको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रोक्सी तोक्न सक्नुहुनेछ ।

६. सभामा भाग लिन प्रोक्सी नियुक्त गरिसक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा शेयरधनीले दिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

७. सभामा भाग लिन आउनु हुने प्रत्येक शेयरधनी महानुभाव वा निजका प्रतिनिधिहरुले सभा हुने स्थानमा रहेको शेयरधनी हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्ने व्यहोरा अनुरोध छ । उक्त हाजिरी पुस्तिका बिहान १० बजेदेखि १ बजेसम्म खुल्ला रहनेछ ।

८. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनी लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन् ।

९. शेयरधनी महानुभावहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट सामुहिक रुपले वा सञ्चालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नुहुनेछ ।

१०. शेयरधनी महानुभावहरुलाई छलफलका विषयमध्ये विविध शीर्षक अन्तर्गत होटल सम्बन्धी जिज्ञासा भए इच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत् यस कम्पनीका अध्यक्षज्यूको नाममा सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।

११. मिति २०७३।१०।२५ गतेदेखि २०७३।११।१७ गतेसम्मकम्पनीको शेयर दाखिला खारेज गर्ने कार्य बन्द रहनेछ । नेपाल स्टक एक्स्चेञ्ज लि. मा मिति २०७३।१०।२४ सम्म नियमानुसार कारोबार भई यस कम्पनीमा २०७३।११।०३ गतेसम्म दाखिला खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।

१२. शान्ति सुरक्षाकाकारण साधारण सभामा उपस्थित हुनुहुने शेयरधनी महानुभावहरुलाई झोला/ब्याग आदि नल्याउनु हुन अनुरोध गरिन्छ । साथै सभा स्थलमा रहेका सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्नसक्ने भएको हुँदा सुरक्षा जाँचमा सहयोग गरिदिनको निमित्त समस्त शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

१३. साधारण सभा सम्बन्धी थप जानकारीको लागि यस होटलको रजिष्टर्ड कार्यालय बौद्ध, काठमाण्डौंमा कार्यालय समयभित्र सम्पर्क राख्न हुन अनुरोध छ ।

# सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको २० औं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, प्रतिनिधिहरु, आमन्त्रित महानुभावहरु, तथा उपस्थित सबैलाई सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्न पाउँदा धेरै खुशी महशुस गरिरहेका छौं । यस कम्पनीले यहाँहरुको अमूल्य सुझाव तथा सल्लाहलाई मार्गदर्शनको रुपमा लिई यस वर्ष पनि विगतका वर्षहरुमा जस्तै उपलब्धीपूर्ण नतिजा हासिल गर्न सक्षम भएको छ । यस सभामा यहाँहरुको उपस्थितिबाट कम्पनीले पाउने सल्लाह, सुझाव, सहयोग र सद्भावले भावि कार्ययोजना तथा लक्ष्य प्राप्तिमा थप टेवा पुग्नेछ भन्ने हामी सबैले विश्वास लिएका छौं ।

सञ्चालक समितिको तर्फबाट म आज यहाँहरु समक्ष २०७३ आषाढ मसान्तसम्मको कम्पनीको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन लगायत लेखापरीक्षकको प्रतिवेदन स्वीकृतिको लागि पेश गर्दै, कम्पनीले आ.व. २०७२।७३ मा प्राप्त गरेको उपलब्धी तथा कार्यनीति र आगामी वर्षमा गरिने कार्ययोजनाहरु शेयरधनी महानुभावहरु समक्ष प्रस्तुत गर्दछु । यो वार्षिक प्रतिवेदन कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनअनुसार तयार पारिएको छ ।

**क) विगत वर्षको कारोबारको सिंहावलोकन :**

यस कम्पनीको आ.व. २०७२।०७३ र २०७१।०७२ को कारोबारको तुलनात्मक विवरण निम्नानुसार रहेको छ :

(रु.करोडमा)

| विवरण | आ.व. २०७२/०७३ | आ.व. २०७१/०७२ | फरक (रकम) | फरक (प्रतिशत) |
|---|---|---|---|---|
| कोठा विक्रीवाट आम्दानी | ५७.२६ | ६७.२१ | (९.९५) | (१४.८०) |
| खाद्य तथा पेय पदार्थ विक्रीवाट आम्दानी | ३८.९० | ४३.६२ | (४.७२) | (१०.८२) |
| **कारोबारबाट आम्दानी** | **९६.१६** | **११०.८३** | **(१४.६७)** | **(१३.२४)** |
| अन्य आम्दानी | १०.९३ | ८.२६ | २.६७ | ३२.३२ |
| **जम्मा आम्दानी** | **१०७.०९** | **११९.०९** | **(१२.००)** | **(१०.०८)** |
| न्यूनः विक्रीको लागत | ३०.२७ | ३२.१० | (१.८३) | (५.७०) |
| न्यूनः सञ्चालन, प्रशासनिक तथा साधारण खर्च | ४३.७५ | ४९.२८ | (५.५३) | (११.२२) |
| **सञ्चालन मूनाफा** | **३३.०७** | **३७.७१** | **(४.६४)** | **(१२.३०)** |
| न्यूनः व्याज तथा वित्तीय खर्च | - | ०.२९ | (०.२९) | (१००.००) |
| न्यूनः ह्रास कट्टी | १२.२४ | १२.७७ | (०.५३) | (४.१५) |
| न्यूनः विनिमय परिवर्तनमा नाफा/(नोक्सानी) | ०.०० | १.२२ | (१.२२) | (९९.८०) |
| न्यूनः आवासको व्यवस्था | १.०४ | १.१७ | (०.१३) | (११.११) |
| न्यूनः कर्मचारीको बोनस | १.७९ | २.०२ | (०.२३) | (११.३९) |
| **कर पहिलेको खुद नाफा** | **१८.००** | **२०.२४** | **(२.२४)** | **(११.०८)** |
| न्यूनः चालू कर | ५.२९ | ६.८५ | (१.५६) | (२२.७७) |
| जोडः पर सारिएको कर | ०.९७ | २.८२ | (१.८५) | (६५.६०) |
| **खुद नाफा** | **१३.६८** | **१६.२१** | **(२.५३)** | **(१५.६२)** |

विनाशकारी महाभूकम्प र त्यसपछिका साना ठूला पराकम्पनहरू तथा अघोषित नाकाबन्दीका कारण भूकम्प अधिको अवस्थामा पर्यटन क्षेत्र अहिलेसम्म फर्कीसकेका छैन । यस आ.व. २०७२।०७३ को मुख्य वित्तीय विवरण निम्न प्रकारले प्रस्टाइएको छ र माथि उल्लेखित सूचाङ्कहरु विश्लेषण गर्दा होटलले गत आ.व. २०७१।०७२ मा कूल आय रु. ११९.०९ करोड आर्जन गरेकोमा यस आ.व. २०७२।०७३ मा कुल आय १०.०८ प्रतिशतल घटेर रु. १०७.०९ करोड पुगेको छ ।

गत वर्षको तुलनामा बिक्रीको लागत ५.७० प्रतिशतले घटेर रु. ३०.२७ करोड पुगेको छ । सञ्चालन, प्रशासकिय तथा साधारण खर्च ११.२२% ले घटेर रु. ४३.७५ करोड रहेको छ । सञ्चालन मुनाफा गत वर्षको तुलनामा १२.३० प्रतिशतले घटेर रु. ३३.०७ करोड हुन पुगेको छ । गत आर्थिक वर्ष २०७१।०७२ मा यस कम्पनीले रु. १६ करोड २१ लाख खुद नाफा आर्जन गरेकोमा यस आ.व. २०७२।०७३ मा १५.६२% ले घटेर रु. १३ करोड ६८ लाख हुन आएको व्यहोरा जानकारी गराउँदछु । यस कम्पनी ऋण मुक्त भई व्याज खर्च शून्य हुन गएको कुरा जानकारी गराउँदछु जुन आर्थिक हिसाबले सकारात्मक पक्ष रहेको छ ।

अरु पाँच तारे होटेलको तुलनामा समिक्षा अवधिमा यस होटलले राम्रो व्यापार गरेको तथा क्यासिनो संचालन भएको हुनाले होटेलको आम्दानीमा वृद्धि भएको देखिन्छ । चालु आ.व.मा होटेलको मर्मत सम्भार तथा देशमा आएको माहाभूकम्प र त्यस पछि निरन्तर आएको पराकम्पन्नले गर्दा पट्टामा रहेको जग्गामा वाहिरबाट आएको जनसाधारणहरु हालसम्म वसोवास गरिरहेको हुँदा उक्त जग्गालाई चाँडो भन्दा चाँडो व्यवस्थित ढंगले खाली गराई कम्पनीको १८ औं वार्षिक साधारण सभामा भएको उद्घोषण वमोजिम कम्पनीको Lease मा रहेको जग्गामा Event and Exhibition Center निमार्ण गर्ने योजना अनुरुप योजनालाई कार्यान्वयन गर्ने साथै कम्पनीको खाली रहेको जग्गामा अरू नयाँ परियोजनाहरु निमार्ण गर्नको लागि योजनाहरु तयार गर्ने जस्ता मुख्य लक्ष्य रहेको छ । अग्राधिकार शेयरधनी महानुभावहरुलाई अग्राधिकार शेयर वापत होटलले तिर्नु पर्ने साँवा तथा ब्याज वापत हुने शतप्रतिशत रकम वितरण भईहेको व्यहोरा समेत जानकारी गराउँदछौं ।

**पुरस्कार :**

यस होटलले निम्नलिखित पुरुस्कारहरु प्राप्त गरेको कुरा सगौरव उल्लेख गर्न पाउँदा हामी अत्यन्त हर्षित तथा गौरान्वित भएका छौ ।

**सर्वाधिक आयकर दाखिला गर्ने होटेल सम्मानपत्र**

कम्पनीले नेपाल सरकार, अर्थमन्त्रालय अन्तर्गत आन्तरिक राजश्व विभागबाट गत २०७३ मंसिर १ गते आर्थिक वर्ष २०७२।२०७३ मा होटलहरु तर्फको सबैभन्दा बढी कर दाखिला गरेकोमा पाँचौ राष्ट्रिय कर दिवस २०७३ को पुनित अवसरमा आयोजित समारोहमा माननीय अर्थमन्त्री श्री कृष्ण बहादुर महराज्यूबाट कदर स्वरूप सम्मान पत्र प्राप्त गरेको जानकारी गराउन पाउँदा हामीलाई अत्यन्त खुशी लागेको छ ।

**२३ औं World Travel Award 2016**


यस होटेललाई World Travel Award, London, United Kingdom बाट आफ्नो २३ औं पुरस्कार समारोहमा Nepal's Leading Hotel 2016 बाट सम्मानित गरेको जानकारी गराईन्छ ।


**कम्पनीको गत ३ आर्थिक वर्षको अक्यूपेन्सी (Occupancy) र कोठाको औसत दर (Average Room Rate) निम्न अनुसार रहेको छ :**


| विवरण | आ.व. २०७२।०७३ | आ.व. २०७१।०७२ | आ.व. २०७०।०७१ |
|---|---|---|---|
| अक्युपेन्सी (Occupancy) प्रतिशत | ५७% | ६६.८०% | ७३% |
| कोठाको औसत दर (Average Room Rate) ARR | १०,४८५ | १०,५०८ | १०,२५४ |


यस होटलको गत वर्षको अक्युपेन्सी ६६.८०% र कोठाको औसत भाडा दर रु.१०,५०८/- रहेकोमा यस आ.व.मा अघोसित नाकाबन्दी तथा राजनैतिक अस्थिरताबाट पर्यटन क्षेत्रमा परेको असरको कारणले गर्दा अक्युपेन्सी दर घटेर ५७% र औसत कोठा भाडा दर घटेर रु. १०,४८५/- रहेको कुरा अवगत गराउदछौं ।


**आर्थिक वर्ष २०६७।०६८ देखि २०७२।०७३ सम्मको यस होटलको कुल आम्दानी, खुद नाफा, क्षेत्रगत आम्दानी, अक्युपेन्सी दर, शिर्षक अनुसार कुल खर्चको विवरण र सञ्चालन नाफाको स्थिति निम्न चित्रबाट प्रष्ट हुने व्यहोरा अनुरोध गर्न चाहन्छु ।**




**ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिबाट परेको असर :**

नेपालको अर्थतन्त्रमा पर्यटनको महत्व दिन प्रतिदिन बढ्दै गइरहेको छ । पर्यटन उद्योगले हाल नेपालको निर्यात उपभोग्य वस्तुको ३८% वस्तुहरू र गैर-उद्योग सेवाहरूको कुल २०% र विदेशी विनिमय आय आर्जनको लगभग ३% योगदान पुऱ्याउँदछ। वर्ल्ड ट्राभल एन्ड टुरिजम काउन्सिल WTTC ले सन् २०१६ मा गरेको अनुमान अनुसार पर्यटन क्षेत्रले सन् २०१५ मा नेपालमा जम्मा ४ लाख २६ हजार ५०० प्रत्यक्ष रोजगारी (कूल रोजगारको ३.२%) सृजना गऱ्यो र नेपालको कूल गार्हस्थ्य उत्पादन (जीडीपी) मा प्रत्यक्ष रुपमा ४% ले योगदान पुऱ्यायो । मौसमी/ऋतुमा आधारित उद्योग र सस्तो पदयात्रा एवं धार्मिक पर्यटनका बजारहरू र उच्च गुणस्तरका सेवा र सुविधाहरूमा सीमित लगानीका कारणले नेपालको पर्यटनले दिने प्रतिफल सन् २०१५ मा प्रतिव्यक्ति पर्यटकको खर्च दर अमेरिकी डलर ९३२.५ रह्यो, अर्थात् प्रतिदिन सरदरमा अमेरिकी डलर ६८.५७ रह्यो ।

सन् २०१५ को अप्रिल र मे महिनामा नेपालमा गएको विनासकारी भूकम्प र त्यसपछिका लगातार पराकम्पनहरूले तथा नाकाबन्दीका कारण पर्यटन क्षेत्रमा नकारात्मक असर पारेको छ। माग र आपूर्ति दुवै गम्भिर रुपमा प्रभावित भई लगभग पर्यटन बजार नै सुसुप्त भएको अवस्था छ । गत वर्षको तुलनामा यस पाली उल्लेख्य मात्रामा पर्यटक बढे पनि भूकम्प अघिको अवस्थामा भने फर्कन सकेको छैन । पर्यटन क्षेत्रले भूकम्पबाट लगभग १८ अर्ब ८६ करोड रुपियाँ बराबरको सम्पत्तिको क्षति बेहोरेको छ। जसमध्ये होटलहहरूमा धैरै ८६ प्रतिशत र घरवास (होमस्टे) हरूमा भएको नोक्सानी जम्मा ९ प्रतिशत रहेको छ। भौतिक क्षति बाहेक भूकम्पले पर्यटकीय गन्तव्यको रुपमा नेपालको छविलाई असुरक्षित बनाएको छ जसले गर्दा पर्यटकहरुले नेपालको भ्रमण गर्न नचाहेको तथ्यबाट पनि नेपाल मुक्त छैन। खास गरी संकटको समयमा अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूमा आएका समाचारहरूका कारणले पनि यस्तो भएको हो । पर्यटन बजारमा आएको कमीले गर्दा पर्यटन एकमात्र आयको स्रोतको रुपमा रहेका हजारौं मानिसहरूको जीविकोपार्जन नराम्रोसँग प्रभावित हुन पुगेको छ।

दुई छिमेकि चिनियाँ तथा भारतीय पर्यटकहरु पनि अहिले नेपालमा ढुक्कसँग आउन सकिरहेका छैनन् । भूकम्प अघि हप्तामा ४५ वटा जहाज जति नेपाल आउँथे तर अहिले यो घटेर ३२ पुगेको छ । अघोषित नाकाबन्दीका कारण नेपालमा भारतप्रति नकारात्मक सोच छ कि भन्ने भारतीयहरुलाई भय छ । जसका कारण पनि भारतीय पर्यटकहरु उल्लेख्य मात्रामा आउन सकेका छैनन । चिन तर्फको तातोपानी नाका पनि लामो समयदेखि अवरुद्ध छ । भूकम्प पछि बिग्रेको तातोपानी नाका अहिलेसम्म राम्ररी खुल्न सकेको छैन । यसले पनि चिनियाँ पर्यटकको आगमनमा बाधा पुगेको छ । भारतबाट ठूलो मात्रामा धार्मिक पर्यटकहरु आउने गरेका छन् त्यस्तै चीनबाट पनि धार्मिक पर्यटकहरु नै बढी आउँछन । दुबै तर्फको पर्यटक आगमन दरमा वृद्धि गर्न सरकारले भने भौतिक संरचनाको निर्माण तथा नीतिगत पहल दुबै गर्न सकेका छैनन । साथै भारतमा भएको नोटबन्दीका कारणले पनि तहाँबाट आउने पर्यटकहरूको संख्यामा कमि भएको छ।

माथि उल्लेख गरिएको विचमान अवस्था भएतापनि नेपाली पर्यटन क्षेत्र सम्बन्धी सकारात्मक पहलको रूपमा पर्यटन सम्बन्धी ख्यातिप्राप्त प्रकाशक **लोन्ली प्लानेटले** सन् २०१७ मा घुम्नै पर्ने १० ठाउँको सूची सार्वजनिक गरेको छ र यो सूचीमा भने नेपाल पाँचौ नम्बरमा परेको छ तथा सन् २०१७ मा घुम्नका लागि **वेस्ट इन भ्यालु** को सूचिमा नेपाल पहिलो स्थानमा परेको छ। यसबाट पनि पर्यटकहरुको संख्यामा आउने वर्ष वृद्धि हुने सम्भावना देखिन्छ ।

पर्यटन नेपाली अर्थतन्त्रको एक महत्वपूर्ण क्षेत्र भएकोले नेपालको पर्यटकीय गन्तव्यस्थलको छविलाई सुधार गर्न अत्यन्त आवश्यक छ । साथै, सुधारका गतिविधिहरू भूकम्पको प्रकोपभन्दा पहिलेकै स्थितिमा बजार र उत्पादनहरूका पूनर्निर्माणमा जोड दिनुपर्दछ । साथै, भूकम्पका कारण पछिका नयाँ पर्यटकहरूलाई भित्र्याउको लागि पर्यटकीय सुधारका अवसरहरूलाई ध्यान दिनु पर्दछ। नेपालप्रतिको नकारात्मक छविलाई पर्यटकहरूको मन मस्तिष्कबाट हटाउन

सकियो भने पर्यटन क्षेत्रलाई पून:एकपटक भूकम्प पूर्वको स्थितिमा फर्काउन सकिन्छ । कुनै पनि पर्यटकीय गन्तव्य संकटबाट मुक्त नहुने भएकाले नेपालको पर्यटन उद्योगसँग सम्बन्धित आधिकारिक पर्यटन निकायहरुलाई संकटको समयमा संकट समाधानका कामहरू तत्कालै सुरु गर्नका लागि रणनीति र कार्ययोजना बनाउन आवश्यक छ । भूकम्पपछि ठूलो संख्यामा नेपाल आउने पर्यटकहरूको संख्या कमी हुनुमा पर्यटकहरूलाई भ्रमण बीमा उपलब्ध नहुनु, नेपालस्थित विदेशी राजदुतावासहरूबाट नेपालको बारेमा आफ्ना नागरिकहरूलाई भ्रमण सम्बन्धी नकारात्मक सन्देश दिने खालका सर-सल्लाह दिइनु, अझै भूकम्पका कम्पनहरू र पहिरो आउन सक्ने डर र पर्यटकीय सेवा सुविधाहरूको आपूर्तिमा भएको क्षतिका बारेमा अतिरंजित धारणाहरू कायम रहनु आदि हुन् भन्न सकिन्छ ।

विश्वका थुप्रै देशहरु पर्यटकलाई आकर्षित गर्न विभिन्न उपाय अपनाईरहेका छन् । सेवा सुविधा वृद्धि देखि पर्यटकीय स्थलको विकास र विस्तारमा खर्च गरिरहेका छन । प्राकृतिक रुपमा सुन्दर रहेतापनि नेपालमा कम पर्यटक आउनु हाम्रा लागि भने चुनौती हो । उक्त चुनौतीलाई समाधान गर्दै अरू पर्यटनमुख देशहरु जस्तै पूर्वाधार निर्माणको क्षेत्रमा सुधार ल्याउनुपर्ने तथा नयाँ बन्न लागेका अन्तर्राष्ट्रिय विमानस्थलको काम चाँडो भन्दा चाँडो पुरा गरी सुचारु गर्नुपर्ने देखिन्छ ।

सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने सरकारको योजना सफल पार्न पनि भूकम्पपछिको पर्यटनसँग सम्बन्धित सकारात्मक पक्षहरूको प्रचारलाई तीव्र बनाउनुपर्ने देखिन्छ । त्यसका लागि नयाँ क्षेत्रीय विमानस्थल निर्माण र काठमाडौं विमानस्थलको मर्मतसम्भार चाँडै सक्नुपर्ने देखिन्छ । यी दुई विमानस्थल चौबीसै घन्टा सुचारु गर्न सकियो भने पर्यटकहरूलाई नेपालतिर आकर्षित गर्न सकिने देखिन्छ । **पर्यटन नीति २०६५ र 'टुरिज्म भिजन २०२०'** तर्जुमा गरी पर्यटन क्षेत्रको दीर्घकालीन विकास गर्ने लक्ष्य लिइएबाट पनि सरकार पर्यटन प्रवर्द्धनका लागि प्रयत्नशील रहेको देखिन्छ ।

**ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा यस प्रकार छन ।**

**१. चालु वर्षको २०७३ पौष १६ गते सम्मको उपलब्धी :**

रु. करोडमा

| विवरण | २०७३ पौष १६ गतेसम्म | २०७२ पौष १६ गतेसम्म | फरक रकम | भिन्नता (प्रतिशतमा) |
|---|---|---|---|---|
| कोठा बिक्रीबाट आम्दानी | ३२.४७ | २३.७० | ८.७७ | ३७.०० |
| खाद्य तथा पेय पदार्थ बिक्रीबाट आम्दानी | २०.५४ | १६.२९ | ४.२५ | २६.०९ |
| अन्य आम्दानी | ७.३० | ३.६० | ३.७० | १०२.७८ |
| **कूल आम्दानी** | **६०.३१** | **४३.५९** | **१६.७२** | **३८.३६** |
| न्यून: बिक्रीको लागत | १५.५४ | १३.३२ | २.२२ | १६.६७ |
| न्यून: सञ्चालन, प्रशासकिय तथा साधारण खर्च | २६.५३ | २१.४० | ५.१३ | २३.९७ |
| **सञ्चालन मूनाफा** | **१८.२४** | **८.८७** | **९.३७** | **१०५.६४** |
| ब्याज तथा वित्तीय खर्च | - | - | - | - |
| न्यून: ह्रास कट्टी | ५.६२ | ५.६० | ०.०२ | ०.३६ |
| **आयकर तथा बोनस व्यवस्था अघिको खूद नाफा** | **१२.६२** | **३.२७** | **९.३५** | **२८५.९३** |

यस चालु वर्षको पौष १६ सम्मको अवधीमा होटेलको आम्दानी तथा नाफा (वोनस, आवास व्यवस्था र कर अघिको) विगत आ.व. को सोही अवधिमा २८५.९३% वृद्धि भएको छ । पर्यटक आगमनमा वृद्धि, क्यासिनो भाडा आम्दानी तथा नयाँ बजारका खोजी जस्ता कारणले यस होटेलले विगत आ.व. भन्दा चालु आ.व. को पौष १६, २०७३ सम्ममा बढी आम्दानी तथा नाफा आर्जन गर्न सफल रहेको कुरा अवगत गराउँदछौं ।

**ग. चालु वर्षको प्रमुख लक्ष्य :**

कम्पनीको १८ औं बार्षिक साधारणसभामा कम्पनीको नयाँ योजना विकास तथा निर्माण गर्ने सम्बन्धमा देशको समृद्ध व्यापार तथा आर्थिक विकास, पर्यटन व्यवसायको विकास र हाल Hyatt Regency होटेलको व्यापार प्रवर्द्धनको लागि उच्चतम योगदान पुऱ्याउन सक्ने सुविधायुक्त एक Event and Exhibitions Center पट्टामा लिएको जग्गामा निर्माण गर्ने भएको उद्घोषणको कार्यान्वयनको लागि उक्त Project को नक्सा (Drawings Design) तथा लागत विवरण तयार भईसकेको अवस्था अवगत गराउँदछौ । देशमा आएको माहाभूकम्पले गर्दा उक्त पट्टामा रहेको जग्गामा भूकम्प पीडित तथा वाहिरबाट आएको जनसाधारणहरु हालसम्म वसोवास गरिरहेको हुँदा निर्माणकार्य शुरु नभएको कुरा जानकारी गराउँन चाहन्छौं । उक्त योजना यस आ.व मा चाँडो भन्दा चाँडो कार्यान्वयन गर्ने लक्ष्य रहेको कुरा अवगत गराउँदै अरु नयाँ परियोजनाहरु Hotel Expansion / Taragaon Plaza (Bazar) निमार्ण गर्नको लागि योजनाहरुको सम्भाव्यता हेरी निमार्ण गर्नको लागि योजनाहरु तयार गर्ने कार्य पनि भईरहेको जानकारी गराउँन चाहन्छौ । चालु आ.व.मा यस कम्पनीले होटेलमा जडान गरेको यन्त्र तथा उपकरणको मर्मत तथा सम्भार गर्ने, Café Restaurant, Lobby Lounge, Banquet/Meeting Facilities हरुको पूर्ण renovation गर्नको लागि Design को काम शुरु भईसकेको र उक्त काम वैशाखमा शुरु भई आगामी वर्षको भाद्र महिनासम्म सक्याउने योजना रहेको जानकारी गराउँन चाहन्छौं । देशमा आएको माहाभूकम्प तथा नाकाबन्दीको कारणले गर्दा कम भएको occupancy लाई बढाउनका लागि आवश्यक पहल गर्नु, नयाँ प्रविधिहरुको उपयोग गरेर पाहुनाहरुलाई अधिकतम सुबिधा प्रदान गर्नु र अन्तर्राष्ट्रिय स्तरको कार्यक्रममा भाग लिई पर्यटकहरुलाई आकर्षित गरेर आम्दानी वृद्धि गरी यस कम्पनीलाई आर्थिक रुपमा सबल बनाई चाँडो भन्दा चाँडो शेयरधनीहरुलाई प्रतिफल प्रदान गर्ने लक्ष्य रहेको छ ।

**घ) संस्थागत सामाजिक दायित्व :**

कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अनुसार शैक्षिक उत्थानका लागि समाजमा सकारात्मक प्रभाव पारी समग्र शैक्षिक क्षेत्रमा सामाजिक जागरण ल्याउन श्री गार्गी कन्या गुरुकुल प्रतिष्ठान, मालिगाऊँ, काठमाण्डौंलाई एकमुष्ठ रु. ५ लाख आर्थिक सहयोग प्रदान गरेका जानकारी गराउँदछौं । चेलीबेटी बेचबिखन र बाल श्रम रोक्ने सम्बन्धी कार्यक्रम तथा बिभिन्न असहाय किसिमका बालबच्चा तथा महिलाहरुलाई बिभिन्न किसिमबाट सहयोग गरिरहेको संस्था Buddhist Child Home लाई यस होटेलले एकमुष्ठ रु. ७७,८५०।- र ६० बोरा चामल प्रर्दान गरेको जानकारी गराउँदछौ । साथै, पशुपति मित्र सेक्न्डरी स्कुलमा त्यहाँका छात्राहरुलाई स्वास्थ्य तथा चेलीबेटी बेचबिखन रोक्न सम्बन्धी जागरुकता ल्याउनको लागि कार्यक्रम संचालन गरेको जसको खर्च रु. १,३१,७९६।- रहेको जानकारीको लागि अनुरोध छ ।

**ङ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध :**

यस कम्पनीका नीतिगत निर्णयहरु गर्ने संचालक समिति र कार्यन्वयन गर्ने पदाधिकारी एवं संचालनमा सलंग्न सबै सम्बन्धित पक्षहरु, युनियन, कर्मचारी, आपूर्तिकर्ता, ठेकेदार, ट्राभल्स एजेन्सी, सम्बन्धित सरकारी निकाय तथा अन्य सम्वद्ध व्यक्तिहरुसँगको सम्बन्ध सौहार्दपूर्ण रहेको छ । होटेल सबै पक्षसँगको सुमधुर सम्बन्धको कदर गर्दछ र सबै पक्षहरुबीच पूर्ण सामन्जस्यता कायम राख्दै एउटै परिवारको रुपमा आफ्नोपनको अनुभूति गराउँदै आएको छ जसले गर्दा होटेललाई मुलुकको पहिलो रोजाईको होटेलका रुपमा स्थापित गर्न सफल भएका छौं । यसवाट कम्पनीमा अनुकूल वातावरण सिर्जना भइ कम्पनीको व्यवसायिक उन्नति हुँदै जाने विश्वास लिएका छौं । साथै यस सम्बन्धलाई

अझ प्रगाढ तथा सुमधुर बनाउन कम्पनी निरन्तर प्रयासरत छ । ग्राहकको सन्तुष्टिमा होटेलको सफलता हो भन्ने मुख्य ध्येय भएकोले ग्राहकलाई उच्च प्राथमिकतामा राख्ने सिद्धान्तबाट होटेल सधैं निर्देशित छ । विविध तथा नविन प्रकारको सेवा र सुविधाहरु प्रारम्भ गर्दै होटेल आज ग्राहकहरुको आवश्यकता अनुसारका उच्च गुणस्तरीय सेवाहरु प्रदान गर्न सक्ने होटेलको रुपमा परिचित हुन पुगेको छ । फलस्वरूप विभिन्न स्वदेशी तथा विदेशी ग्राहकहरुलाई आकर्षित गर्न सक्षम छ । साथै होटलले स्वच्छ प्रतिस्पर्धा, व्यावसायिकता तथा आपसी हितको सिद्धान्तमा आधारित नीति अवलम्वन गर्दै छिटो छरितो तरिकाले यी सबै ग्राहकहरुलाई अन्तर्राष्ट्रिय स्तरको होटल सेवा तथा सुविधाहरु उपलब्ध गराउँदै आएका छौं । साथै यी सेवा र सुविधाहरुलाई अझै गुणस्तरीय बनाउन निरन्तर प्रयत्नशील रहेका छौं ।

**च) सञ्चालक समितिमा भएको हेरफेर र सो को कारण :**

समिक्षा अवधिमा यस कम्पनीको संचालक समितिमा कुनै हेरफेर भएको छैन तथा कम्पनीको १९ औं वार्षिक साधारण सभामा समूह 'ग' का शेयरधनिहरुको प्रतिनिधित्व गर्ने एक जना संचालकको निर्वाचन भएकोमा उक्त निर्वाचनमा श्रीमती कमला देवी श्रेष्ठ निर्विरोध निर्वाचित हुनु भएको थियो ।

**छ) कारोबारलाई असर पार्ने मुख्य कुराहरु :**

विगत लामो समयदेखि नेपालको आर्थिक विकासको आधार बन्दै आएको पर्यटन क्षेत्र नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा प्रत्यक्ष रुपमा ४% ले समिक्षा अवधिमा योगदान पुऱ्याएको तथा विदेशी मुद्रा आर्जनद्वारा नेपालको अर्थ व्यस्थालाई सुदृढ बनाउन उल्लेखनीय योगदान गर्दै आएको पर्यटन क्षेत्रमाथि महाभूकम्प, नाकाबन्दी तथा देशको राजनैतिक परिस्थितिले गम्भीर असर पारेको छ ।

नेपालमा उच्च क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल छैन । आफ्नै ध्वजावाहक विमानको आभाव छ । आन्तरिक उड्डयनहरु विश्वासनीय र सुरक्षित बन्न सकेका छैनन् । जसबाट पनि पर्यटन क्षेत्रमा प्रभाव परेको देखिन्छ । अन्तर्राष्ट्रिय कम्पनीका उड्डानहरु बढाउनुपर्ने आवश्यकता छ । संसारमा नेपालका बारेमा नराम्रा सन्देश प्रवाहित भएका छन् जसलाई कुटनीतिक तरिकाबाट खण्डन गर्ने लगायतका काम गर्नुपर्ने देखिन्छ ।

**यस होटलको कारोबारलाई असर पार्ने कुराहरु निम्न प्रकारको छ :**

१. महाभूकम्पका कारण अन्तर्राष्ट्रिय वजारमा परेको असर ।
२. छिमेकी देश भारतमा भएको बिमुद्रीकरणबाट परेको असर ।
३. नाकावन्दीबाट देशमा उत्पन्न अशहज परिस्थिति ।
४. मजदुर युनियनबाट समय समयमा गरिने बन्द हड्ताल ।
५. मुलुकको विद्यमान राजनैतिक परिस्थिति ।
६. अन्तर्राष्ट्रिय स्तरको पर्यटक संख्यामा वृद्धि नहुनु तथा पर्यटकहरुको दैनिक खर्च सरदर रुपमा कम हुनु ।
७. होटेल व्यवसायमा बढी रहेको प्रतिस्पर्धा ।
८. नेपाल विश्वमानै पर्यटक हिसावले धेरै सम्भावना बोकेको देश भएता पनि यहाँका सरकारी निकायबाट यसको प्रभावकारी सम्वर्द्धन गरी नीति निर्माण गर्न नसक्नु ।

**ज) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया :**

लेखापरीक्षक प्रतिवेदनमा कम्पनीलाई असर पर्ने कुनै कैफियत उल्लेख भएको छैन ।

**झ) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

छैन ।

**ञ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सो को विवरण :**

प्रतिवेदन अवधिमा होटलले कुनै शेयरहरु जफत गरेको छैन ।

**ट) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पूर्वालोकन :**

छैन ।

**ठ) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेका प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएका महत्वपूर्ण परिवर्तन :**

छैन ।

**ड) विगत आ.व.मा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

यस्तो कुनै जानकारी कम्पनीलाई प्राप्त हुन नआएको ।

**ढ) विगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरुले लिएका शेयर स्वामित्वक विवरण र कम्पनीको शेयर कारोवारमा निजहरु सलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी**

यस्तो कुनै जानकारी संचालक तथा पदाधिकारीहरुबाट कम्पनीलाई प्राप्त हुन नआएको ।

**ण) कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराईएको जानकारीको व्यहोरा :**

यस सम्बन्धी कुनै जानकारी सञ्चालकबाट कम्पनीलाई हालसम्म प्राप्त हुन आएको छैन ।

**त) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुका कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी खरिद गरेवापत कम्पनीले भुक्तानी गरेको रकम :**

कम्पनीले आफ्नो शेयर आफैले खरीद गरेको छैन ।

**थ) आन्तरिक नियन्त्रण प्रणालीको विस्तृत विवरण :**

होटल सञ्चालनको जिम्मेवारी अन्तर्राष्ट्रिय होटल सञ्चालन गर्ने संस्था "ह्यात इन्टरनेसनल" लाई दिइएको हुनाले विश्वभरी सञ्चालनमा रहेको आफ्ना होटलहरुमा प्रयोग गर्ने अन्तर्राष्ट्रिय स्तरको आन्तरिक नियन्त्रण प्रणाली यस होटलमा पनि लागु गरेको छ ।

कम्पनीमा निम्न उल्लेखित आन्तरिक नियन्त्रण प्रणालीहरु क्रियासिल छन :

१) ह्यात इन्टरनेसनलबाट निर्देशित अन्तर्राष्ट्रिय निर्देशनहरुलाई परिपालन गर्नु ।

२) आर्थिक नीति तथा लेखा सम्बन्धी निर्देशिकाहरु परिपालना गर्नु ।

३) मासिक रूपमा वित्तीय विवरण र त्रैमासिक रूपमा आन्तरिक अनुगमन प्रणाली अन्तर्गतका बिभिन्न प्रतिवेदनहरु ह्यात इन्टरनेसनललाई बुझाउनु ।

४) व्यस्थापन तथा लेखा परिक्षण समितिद्वारा आन्तरिक लेखापरीक्षण प्रणालीको आवधिक पुनरावलोकन गर्नु ।

५) प्रत्येक शाखाहरुका Standard Operating Procedure पालना गर्नु ।

**द) गत वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

होटलको आर्थिक वर्ष २०७२/०७३ मा भएको कुल व्यवस्थापन खर्च निम्न बमोजिम रहेको छ :

| विवरण | आ.व.२०७२/०७३ | आ.व.२०७१/०७२ |
|---|---|---|
| कर्मचारी खर्च | रु. २१,७८,९५,७७२ | रु. २०,०८,३३,७७३ |
| प्रशासकिय तथा व्यवस्थापन खर्च | रु. ३१,६५,७३,६५१ | रु. ३६,००,१७,७२६ |
| बिक्री तथा व्यवस्थापन खर्च | रु. १०,३२,५४,९७३ | रु. १३,१०,८९,४५० |
| **जम्मा** | **रु. ६३,७७,२४,३९६** | **रु. ६९,१९,४०,९४९** |

गत वर्षको तुलनामा यस बर्षको कूल व्यवस्थापन खर्च ७.८% ले घटेको कुरा अवगत गराउँदछु ।

**ध) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**

**१. होटलको लेखापरीक्षण समिति सदस्यको नाम तथा पारिश्रमिक :**

| पद | सञ्चालकको पुरा नाम | भत्ता वापत प्रदान गरिएको रकम |
|---|---|---|
| अध्यक्ष | श्री राजेशलाल श्रेष्ठ | रु. ५,८८२।- |
| सदस्य | श्रीमती कमलादेवी श्रेष्ठ | रु. ५,८८२।- |
| सदस्य | श्री उमेश सराफ | रु. ५,८८२।- |
| | **जम्मा** | **रु. १७,६४६।-** |

उपरोक्त बैठक भत्ता बाहेक लेखापरीक्षण समितिका सदस्यहरुलाई अन्य केही सुविधा नदिइएको ।

**२. लेखापरीक्षण समितिले गरेको काम कारवाहीको विवरण :**

लेखापरीक्षण समितिले लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको विस्तृत रुपमा अध्ययन गरी होटलको वित्तीय स्थिति, आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, ऐन/नियम र निर्देशनको अनुपालना आदि विषयहरुमा सञ्चालक समितिलाई सुधारको लागि सुझाव सहित पारित गर्न पेश गरेको थियो । साथै, आन्तरिक लेखापरीक्षणको सिलसिलामा देखिएको कैफियत भए त्यसको सिफारिस सहित लेखापरीक्षण समितिले संचालक समितिलाई जानकारी दिने गर्दछ । उक्त समितिको बैठकमा विभिन्न विषयमा विस्तृत जानकारी प्राप्त गर्नको लागि आवश्यकता अनुसार होटलका पदाधिकारीहरुलाई समेत आमन्त्रण गर्ने गरिएको छ । प्रत्येक बैठकमा सहभागीहरुमध्ये सञ्चालकलाई मात्र भत्ता वापत रु. ५,८८२।- सञ्चालक सरह बैठक भत्ता प्रदान गरिदै आएको छ ।

**३. लेखापरीक्षण समितिले सुझाव दिएको भए सो विवरण :**

लेखापरीक्षण समितिले कम्पनीको लेखापरीक्षकको नियुक्तिको लागि कम्पनी ऐन २०६३ को दफा १६५ को उपदफा (छ) बमोजिम आर्थिक वर्ष २०७३/०७४ को लागि लेखापरीक्षक नियुक्ति गर्ने प्रावधान अनुसार आ.व. २०७३/०७४ को लेखापरीक्षण गर्नको लागि हालका लेखा परीक्षक श्री बि. के. अग्रवाल एण्ड कम्पनी नियुक्तिको लागि योग्य भएको हुनाले आगामी आ.व. को लागि निजलाई रु. १,००,०००/- पारिश्रमिकमा कम्पनीको लेखापरीक्षक नियुक्ति गर्न लेखापरीक्षण समितिको सुझाव रहेको छ ।

**न) सञ्चालक, प्रबन्ध सञ्चालक, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**

छैन ।

**प) सञ्चालक, प्रबन्ध सञ्चालक तथा पदाधिकारीहरुलाई आ.व २०७२/७३ मा भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधा रकम :**

होटलको सञ्चालक समितिको बैठक बस्दा प्रति बैठक अध्यक्ष र सदस्यलाई समान रुपमा रु. ५,८८२/- बैठक भत्ता प्रदान गरिन्छ। यस आ.व. मा कर बाहेक प्रबन्ध संचालक श्री अरुण कुमार सराफज्यूलाई रु. ४३.५१ लाख र कार्यकारी संचालक श्री सुरेशलाल श्रेष्ठज्यूलाई २८.६१ लाख प्रारिश्रमिक भुक्तानी गरिएको छ र साथै गाडी तथा इन्धन सुविधा पनि प्रदान गरिएको छ।

अन्य पदाधिकारीहरुलाई कर सहित तलव रु. ६,५१,८०,८८३।- र भत्ता तथा सुविधा रु १,५१,४१,५२५।- गरी जम्मा रु ८,०३,२२,४०८।- भुक्तानी गरिएको छ।

**फ) शेयरधनीहरुले बुझ्लिन बाँकी रहेको लाभांशको रकम :**

छैन।

**ब) विदेशी तथा स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण र बुझाउन बाँकी रहेको २०७३ आषाढ मसान्तको साँवा तथा ब्याज रकम :**

छैन।

**भ) दफा १४१ बमोजिम सम्पत्ति खरीद वा बिक्री गरेको विवरण :**

छैन।

**म) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण :**

छैन।

**य) कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

छैन।

**र) अन्य आवश्यक कुराहरु :**

छैन।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को अनुसूची–१३ (नियम २२ को उपनियम (१) सँग सम्बन्धित) अन्य विवरणहरु :**

**कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) यस अवधिमा कम्पनीले कुनै मुद्दा दायर नगरेको र कम्पनीको विरुद्ध ४ वटा मुद्दा दायर भएको सूचना प्राप्त भएको कुरा जानकारी गराउँदछौं।।

(ख) यस होटलका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध सम्बन्धमा कुनै मुद्दा दायर नभएको।

(ग) होटलको कुनै पनि संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध सम्बन्धी कुनै मुद्दा नभएको।

**संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) नेपाल धितोपत्र बजारमा यस संस्थाको शेयर कारोबारमा बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप नै हुने गरेको।

(ख) गत वर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मुल्यका साथै कुल कारोबार शेयर संख्या र कारोबार दिन ।

समीक्षा अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मुल्य, कुल कारोबार भएको दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com.np अनुसार निम्न बमोजिम छः

| महिना | अधिकतम मूल्य (रु.) | न्युनतम मूल्य (रु.) | अन्तिम मूल्य (रु.) | कूल दिन | कूल कारोबार शेयर संख्या |
|---|---|---|---|---|---|
| आश्विन २०७२ | २७५ | २३१ | २३५ | २९ | ७८२६० |
| पौष २०७२ | २३१ | २०० | २१२ | १४ | २०५०० |
| चैत्र २०७२ | २३५ | २०५ | २१० | ४९ | ७११०८ |
| आषाढ २०७३ | २६५ | २१४ | २५६ | ६१ | १४०८५० |

**समस्या तथा चुनौती :**

अचानक आईपर्ने असहज परिस्थिति, भूकम्प र त्यस पछि निरन्तर आइरहेको पराकम्पनहरुको कारणले उत्पन्न भएको परिस्थितिले पर्यटकहरुको आगमनमा भएको कमि, होटेल क्षेत्रमा बढ्दो प्रतिस्पर्धा, प्रकृति विपदा तथा प्रकोपहरु, देशको राजनैतिक स्थिति, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमतामा वृद्धि गर्न नसक्नु, होटेलमा कार्यरत क्रियाशिल युनियनहरुले समय समयमा गरिरहेको बन्द हड्ताल, देशमा अप्रत्याशित रुपमा हुने बन्द हड्ताल, बजारमा भएको मूल्य वृद्धि, अमेरिकी डलरको विनियम दरमा हुने उतार चढाव र अन्तर्राष्ट्रिय घटनाको कारणले पर्यटकहरुको संख्यामा आउने कमि आदि जस्तालाई यस कम्पनीले समस्या तथा चुनौतिको रुपमा लिएको छ । काबुभन्दा बाहिरको परिस्थिति वाहेक उपरोक्त चुनौति तथा समस्या समाधान गर्ने, बजार व्यवस्थापन र प्रवर्द्धन गर्ने, पाहुनालाई आकर्षित गर्ने रणनीति बनाई मुनाफा वृद्धि गरी यस कम्पनीलाई आर्थिक रुपमा सवल बनाई चाँडो भन्दा चाँडो साधारण शेयरधनीहरुलाई प्रतिफल दिने लक्ष्य रहेको छ ।

**संस्थागत सुशासन :**

**संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदमहरुको विवरण :-**

(क) कम्पनी तथा ह्यात इन्टरनेसनल होटेल्स ग्रुपको आन्तरिक नियन्त्रण प्रणाली, नीति निर्देशिका, कार्यवधिहरु, नियमहरु र सम्बन्धित ऐन, कानुनका प्रावधानहरुको परिपालना ।

(ख) कम्पनीका संचालक समिति र त्यसका समितिहरुको नियमित रुपमा बस्ने बैठकहरु ।

(ग) नियमकारी निकायहरु कम्पनी रजिष्ट्रार कायार्लय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्चेन्ज लि. सी. डी. स. एण्ड किलियरिंग, नेपाल राष्ट्र बैंक तथा नागरिक उड्डयन मन्त्रालय आदिबाट जारी गरिएका नियम, विनियम, निर्देशनहरुको पूर्ण परिपालना गरिएको छ ।

(घ) आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न आन्तरिक लेखापरीक्षणबाट नियमित रुपमा लेखापरीक्षण गराई प्रतिवेदनमा दिएका सुझावहरु कार्यान्वयन तथा समीक्षा गर्न लेखापरीक्षण समितिको बैठक बस्ने गरेको छ ।

(ङ) सञ्चालक समिति, लेखापरीक्षण समिति लगायतका विभिन्न समितिहरु क्रियाशील छन ।

(च) सञ्चालन जोखिमहरु कम गर्न तथा कारोबारलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम अनुसार वीमा गरिएको ।

**धन्यवाद ज्ञापन :**

यस कम्पनीको २० औं वार्षिक साधारण सभामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागिता जनाई यस कम्पनीको उत्तरोत्तर प्रगति एवं समृद्धीको लागि आवश्यक सरसल्लाह तथा सुझाव दिनु भएकोमा हाम्रा सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, होटल संघ नेपाल, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सि.डि.एस एण्ड क्लियरिङ्ग लि. आदिबाट प्राप्त नीति निर्देशन कम्पनीको विकासको लागि सदैव मार्गनिर्देशनको रुपमा रहने भएकोले वहाँहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। त्यस्तै होटल कम्पनीलाई आजको अवस्थामा पुऱ्याउन सहयोग गर्ने स्वदेशी तथा विदेशी संघ संस्थाहरु, होटललाई ऋण प्रदान गर्ने स्वदेशी तथा विदेशी बैंक तथा वित्तीय संस्थाहरु, आन्तरिक र वाह्य लेखापरीक्षक, कानूनी सल्लाहकार, पत्रकार मित्रहरु, तथा अन्य सम्वद्ध संघ संस्था एवम् सम्पूर्ण ग्राहकवर्ग महानुभावहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु। सञ्चालक समितिका सदस्यहरुबाट प्राप्त मार्गदर्शनका लागि पनि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा होटलको उत्तरोत्तर प्रगति तथा उन्नतिको लागि अझै रचनात्मक एवं अमूल्य सुझाव तथा योगदानको अपेक्षा राखेको छु। कम्पनीमा कार्यरत सम्पूर्ण व्यवस्थापक, कर्मचारी तथा कामदारहरुलाई वहाँहरुको कर्तव्यनिष्ठता, लगनशीलता ईमान्दारीता एवम् निरन्तर रुपमा गरेको अथक परिश्रमको सराहना गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद।

मिति : ८ पौष, २०७३

सञ्चालक समितिको तर्फबाट

**राधेश्याम सराफ**

अध्यक्ष

कार्यकारी सञ्चालक

सञ्चालक

Crowe Horwath.

B.K. Agrawal & Co.
Chartered Accountants
Member Crowe Horwath International

Saraswati Vatika
122 Pannahiti Marg, Sifal Ward No. 7
P.O. Box 3761, Kathmandu, Nepal
T: +977 1 4481865, 4467694
F: +977 1 4480065
E: bkag@crowehorwath.com.np
E: bkag@wlink.com.np
W: www.crowehorwath.net/np

**तारागाउँ रिजेंन्सी होटेल्स लिमिटेडका**
**शेयरधनी महानुभावहरु समक्ष**
**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

**वित्तिय विवरण माथी प्रतिवेदन :**

हामीले श्री तारागाउँ रिजेंन्सी होटेल्स लिमिटेडको यसै साथ संलग्न ३१ आषाढ २०७३ (जुलाई १५, २०१६) को वासलात, सोहि मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरुको लेखा परिक्षण सम्पन्न गरेका छौ ।

**वित्तिय विवरणहरुप्रतिको व्यवस्थापनको उत्तरदायित्व :**

प्रचलित कानुनको अधिनमा रही नेपाल वित्तीय प्रतिवेदन मान अनुसार यी वित्तिय विवरणहरु तयार गर्ने तथा सहि प्रस्तुतीकरण गर्ने उत्तरदायित्व व्यस्थापनको रहेको छ । यी दायित्व अन्तर्गत जालसाजी वा त्रुटिवाट हुनसक्ने सारभूत रुपमा त्रुटिपूर्ण रहित वित्तिय विवरण तयार गर्ने तथा प्रस्तुत गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन तथा संचालन गर्ने, उपयुक्त लेखा नीतिको छनौट एबं प्रयोग तथा परिस्थिति अनुरुप उचित लेखा अनुमानको प्रयोग पनि समावेश हुन्छ ।

**लेखा परिक्षकको उत्तरदायित्व :**

लेखापरिक्षणको आधारमा वित्तिय विवरणहरु उपर मन्तब्य व्यक्त गर्नु हाम्रो उत्तरदायीत्व हो । हामीले हाम्रो लेखा परिक्षण नेपाल लेखापरिक्षण मान वमोजिम सम्पन्न गरेका छौ । ती मानले हामिलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वितिय विवरणहरु सारभूत रुपमा त्रुटि रहित भएको बारेमा मनासिव आश्वासन प्राप्त गर्न लेखापरिक्षणको योजना बनाउन र लेखापरिक्षण सम्पन्न गर्न अनिवार्य गराउछन् ।

लेखापरिक्षण अन्तर्गत वितिय विवरणमा प्रदर्शित रकम एबं अन्य विवरणहरुको पुस्टयाई गर्ने प्रमाणको नमुना परिक्षण गरिन्छ । नमुना परिक्षण हाम्रो विवेक तथा जालसाजी वा त्रुटिका कारणले वित्तिय विवरणहरुमा हुने सारभुत त्रुटिको जोखिमको आंकलनमा भर पर्दछ । जोखिमको आंकलन गर्दा संस्थाका वित्तिय विवरणहरुको तयारी एवं उचित प्रस्तुति सम्बद्ध आन्तरिक नियन्त्रण विश्लेषण गरि परिस्थितिजन्य लेखापरीक्षणका कार्यविधिहरु तजुर्मा गर्छौ । यी लेखापरीक्षणका कार्यवधिहरु संस्थाको आन्तरिक नियन्त्रणको प्रभावकारितामा राय प्रकट गर्ने प्रयोजनका लागि भने होइनन् । व्यवस्थापनले अवलम्बन गरेका लेखा सिद्धान्त तथा गरिएका महत्वपूर्ण अनुमानहरु एबं वितिय विवरण प्रस्तुतिको समग्र स्थितिको मुल्यांकन गर्नु पनि लेखापरीक्षण अन्तर्गत पर्दछ । लेखापरीक्षणले हाम्रो रायलाइ पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

बि. के. अग्रवाल एण्ड कं. चार्टर्ड एकाउन्टेन्ट्स काठमाडौं

क्रमश:

**B.K. Agrawal & Co.**
*Chartered Accountants*

कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनले तोकेका कुराहरु उपरको प्रतिवेदन :

क) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियत तलब गरेका कुराहरुको जवाफ एबं स्पस्टिकरण सन्तोषजनक पायौं, जुन हाम्रो ज्ञान र विश्वासमा लेखापरीक्षणका लागि आवश्यक थियो ।

ख) हाम्रो रायमा प्रस्तुत वितिय विवरणहरु कम्पनीले राखेको लेखासंग दुरुस्त छन् र तिनीहरु प्रचलित कानुन बमोजिम तयार भएका छन् ।

ग) हाम्रो रायमा यस प्रतिवेदनसंग सम्बद्ध वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एबं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु कम्पनी ऐन, २०६३ ले तोके बमोजिम तयार भएको छ र कम्पनीले राखेको लेखासंग दुरुस्त रहेको छ ।

घ) हाम्रो रायमा हामिले गरेको लेखापरीक्षणको आधारमा कम्पनीले आफ्नो कारोबार सन्तोषजनक गरेको छ ।

ङ) हामीलाई प्राप्त जानकारी र हामीलाई दिइएको स्पस्टिकरण र हामीले परिक्षण गरेका श्रेस्ताबाट संचालक समिति वा सदस्य अथवा कुनै पदाधिकारीले लेखा सम्बन्धी कानुनी व्यवस्थाहरु विपरित कार्य गरेको वा अनियमितता गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको वा लेखा सम्बन्धी कुनै जालसाजी गरेको जानकारी हुन आएन ।

लेखापरीक्षकको राय:

हाम्रो रायमा कम्पनीको वितिय बिवरणहरु, अघिल्लो अनुसूचीमा उल्लेख गरिएका विषयहरुबाट पर्न सक्ने प्रभाव बाहेक यसै साथ संलग्न लेखा सम्बन्धि टिप्पणीहरुको समेत अध्ययन गर्दा ३१ आषाढ २०७३ (जुलाई १५, २०१६) आर्थिक अवस्था, तथा उक्त अवधिको वित्तिय कारोवार, इक्विटीमा भएको परिवर्तन र नगद प्रवाह नेपाल वित्तीय प्रतिवेदन मान अनुरुप समुचित तथा यथार्थ चित्रण गर्दछ तथा उक्त वित्तिय विवरणहरु कम्पनी एन २०६३ अनुरुप रहेका छन ।

सिए. बि.के. अग्रवाल
प्रबन्ध साझेदार
स्थानः काठमाडौं
नि: बि.के. अग्रवाल एण्ड कं.
मितिः- ८ पौष, २०७३
चार्टर्ड एकाउण्टेण्ट्स

# २०७३ आषाढ ३१ गतेको
# वित्तिय अवस्थाको विवरण

| विवरण | टिप्पणीहरू | २०७३ आषाढ ३१ गतेको (रू.) | २०७२ आषाढ ३१ गतेको (रू.) |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति:** | | | |
| सम्पत्ति, मेशिन तथा यन्त्र उपकरणहरू | ३.१ | २,०९,७९,१९,२०४ | २,१९,२८,९५,७३७ |
| अदृश्य सम्पत्ति | ३.२ | ६५,६५६ | १,३५,६४० |
| **जम्मा गैर चालु सम्पत्ति:** | | **२,०९,७९,८४,८६०** | **२,१९,३०,३१,३७७** |
| **चालु सम्पत्ति:** | | | |
| जिन्सी मौज्दात | ३.३ | १,५९,५८,९३४ | १,४७,९०,२२७ |
| पाउनु पर्ने आयकर | | ४,५१,१६,८६१ | ६,६२,६२,२७० |
| व्यापारिक तथा अन्य प्राप्य रकम | ३.४ | १८,३०,९६,३८६ | १३,००,९१,४९५ |
| नगद तथा नगद सरह | ३.५ | ५८,६७,३६,३२५ | २९,४५,८८,००३ |
| **जम्मा चालु सम्पत्ति:** | | **८३,०९,०८,५०६** | **५०,५७,३१,९९५** |
| **जम्मा सम्पत्ति:** | | **२,९२,८८,९३,३६६** | **२,६९,८७,६३,३७२** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी:** | | | |
| शेयर पूँजी | ३.६ | १,८८,६६,५४,००० | १,८८,६६,५४,००० |
| सञ्चित | ३.७ | (१४,०२,१६,६२०) | (२७,६९,२६,८१७) |
| **जम्मा पूँजी:** | | **१,७४,६४,३७,३८०** | **१,६०,९७,२७,१८३** |
| **दायित्व:** | | | |
| **गैर चालु दायित्व:** | | | |
| ऋण तथा सापटीहरू | ३.१० | - | - |
| कर्मचारी सूविधाहरू | ३.८ | ४,१६,४६,३३६ | ३,५४,२२,९७८ |
| व्यवस्थाहरू | ३.९ | १५,८८,९३,५७४ | १४,८४,७७,९२५ |
| परसारिएको कर दायित्व | ३.११ | १४,३९,८९,०७७ | १५,३७,३३,६१४ |
| **जम्मा गैर चालु दायित्व:** | | **३४,४५,२८,९८७** | **३३,७६,३४,५१७** |
| **चालु दायित्व:** | | | |
| ऋण तथा सापटीहरू | ३.१० | ७,८४,०२,१४२ | ८,७२,०१,१२८ |
| व्यापारिक तथा अन्य तिर्नूपर्ने | ३.१२ | ६६,६२,४२,०४२ | ४९,२८,२६,२९० |
| आयकर दायित्व | | ५,२९,४१,००२ | ६,८५,९४,३११ |
| कर्मचारी सूविधाहरू | ३.१३ | ३,१०,०३,०५४ | ३,४२,१८,४८३ |
| व्यवस्थाहरू | ३.१४ | ९३,३८,७५९ | ६,८५,६१,४६१ |
| **जम्मा चालु दायित्व:** | | **८३,७९,२६,९९९** | **७५,१४,०१,६७२** |
| **जम्मा दायित्व:** | | **१,१८,२४,५५,९८६** | **१,०८,९०,३६,१८९** |
| **जम्मा पूँजी तथा दायित्व** | | **२,९२,८८,९३,३६६** | **२,६९,८७,६३,३७२** |

प्रमूख लेखा नीति तथा टिप्पणीहरूको साराशं २ देखि ३.१९

सञ्चालक समितिको निमित्त

हाम्रो सोहि मितिको
संलग्न प्रतिवेदन अनुसार

**कार्यकारी सञ्चालक** — द.सुरेश लाल श्रेष्ठ
**प्रबन्ध सञ्चालक** — द.अरुण कुमार सराफ
**अध्यक्ष** — द.राधेश्याम सराफ

**द. वि.के. अग्रवाल**
प्रबन्ध साझेदार

**सञ्चालकहरु**
द.बरुण सराफ द.कमला देवी श्रेष्ठ द. प्रतिनिधि तारागाउँ विकास समिति द.दिजा श्रेष्ठ
द.उमेश सराफ द.राजेश लाल श्रेष्ठ द.श्रीवत्स शमशेर राणा द.इन्द्र प्रसाद राजभण्डारी

**वि.के. अग्रवाल एण्ड कम्पनी**
चार्टर्ड एकाउन्टेन्टस्

**प्रमुख वित्त अधिकृत** — रानी बंग
**कम्पनी सचिव** — सुजित कुमार झा

# २०७३ आषाढ ३१ गतेको
# नाफा तथा नोक्सानको विवरण

| विवरण | टिप्पणीहरू | २०७३ आषाढ ३१ गतेको (रू.) | २०७२ आषाढ ३१ गतेको (रू.) |
|---|---|---|---|
| सञ्चालनबाट आम्दानी | ३.१५ | १,०१,७७,५६,३९९ | १,१६,६७,९८,२३६ |
| बिक्रीको लागत | ३.१६ | (३०,२७,५४,१४२) | (३२,०६,८९,३५८) |
| **कुल नाफा** | | **७१,५०,०२,२५७** | **८४,६१,०८,८७८** |
| कारोबारसँग सम्बन्धित अन्य आम्दानी | ३.१७ | ५,३२,७५,७६६ | २,४२,२८,२३२ |
| ह्रास कट्टी | ३.१ | (१२,२४,२४,३६८) | (१२,७७,३४,५९४) |
| प्रशासकीय तथा साधारण खर्चहरू | ३.१८ | (३६,४३,३८,३०७) | (३९,७८,८१,६८६) |
| अन्य सञ्चालन खर्चहरू | | (७,३१,७६,९४५) | (९,२३,१५,५६८) |
| **सञ्चालनबाट नाफा** | | **२०,८३,३८,४०३** | **२५,२४,०५,२६२** |
| ब्याज तथा वित्तीय खर्च | | - | (२९,३३,३६०) |
| सटही दरमा परिवर्तन नाफा/(नोक्सान) | | (२५,४२६) | (१,२२,५३,४६३) |
| स्थिर सम्पत्ति विक्रिमा नाफा/(नोक्सान) | | - | (२६,१३,६३२) |
| आवासको व्यवस्था | | (१,०४,१५,६४९) | (१,१७,३०,२४०) |
| बोनसको व्यवस्था | | (१,७९,९०,६६६) | (२,०२,६१,३२४) |
| **आयकर अधिको नाफा** | | **१७,९९,०६,६६२** | **२०,२६,१३,२४२** |
| चालु आयकर | | (५,२९,४१,००२) | (६,८५,९४,३११) |
| परसारिएको कर | | ९७,४४,५३७ | २,८२,२०,२९४ |
| **आयकर पछिको नाफा सञ्चित हिसावमा सारेको** | | **१३,६७,१०,१९७** | **१६,२२,३९,२२५** |
| **प्रति शेयर आम्दानी** | | **७.२५** | **८.६०** |

प्रमूख लेखा नीति तथा टिप्पणीहरूको साराशं २ देखि ३.१९

हाम्रो सोहि मितिको
संलग्न प्रतिवेदन अनुसार

**कार्यकारी सञ्चालक**
द.सुरेश लाल श्रेष्ठ

**प्रबन्ध सञ्चालक**
द.अरुण कुमार सराफ

**अध्यक्ष**
द.राधेश्याम सराफ

**द. वि.के. अग्रवाल**
प्रबन्ध साझेदार
**वि.के. अग्रवाल एण्ड कम्पनी**
चार्टर्ड एकाउन्टेन्टस्

**सञ्चालकहरु**
द.बरुण सराफ द.कमला देवी श्रेष्ठ द. प्रतिनिधि तारागाउँ विकास समिति द.दिजा श्रेष्ठ
द.उमेश सराफ द.राजेश लाल श्रेष्ठ द.श्रीवत्स शमशेर राणा द.इन्द्र प्रसाद राजभण्डारी

**प्रमुख वित्त अधिकृत**
रानी बंग

**कम्पनी सचिव**
सुजित कुमार झा

# २०७३ आषाढ ३१ गतेको नगद प्रवाह विवरण

| विवरण | आ.व. २०७२/०७३ | आ.व. २०७१/०७२ |
|---|---|---|
| **(क) सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | |
| आयकर पछिको खुद नाफा | १३,६७,१०,१९७ | १६,२२,३९,२२५ |
| **समायोजनः** | | |
| ह्रास कट्टी | १२,२४,२४,३६८ | १२,७७,३४,५९४ |
| ब्याज खर्च | - | २९,३३,३६० |
| आवासको व्यवस्था | १,०४,१५,६४९ | १,१७,३०,२४० |
| बोनसको व्यवस्था | १,७९,९०,६६६ | २,०२,६१,३२४ |
| विदेशी मुद्रा सम्पत्ति तथा दायित्वको पूर्नमुल्याङ्कन नाफा/(नोक्सान) | २५,४२६ | १,२२,५३,४६३ |
| स्थिर सम्पत्ति बिक्रिमा नाफा/(नोक्सान) | - | २६,१३,६३२ |
| कर समायोजन | ४,३१,९६,४६५ | ४,०३,७४,०१७ |
| **कार्यशील पूँजी परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | **३३,०७,६२,७७१** | **३८,०१,३९,८५६** |
| जिन्सी मौज्दातमा भएको कमी/(वृद्धि) | (११,६८,७०७) | १५,४५,२०२ |
| व्यापारिक तथा अन्य प्राप्य रकममा भएको कमी/(वृद्धि) | (५,३०,०४,८९०) | ६,३६,९६,०८९ |
| अग्रिम कर प्राप्य रकमा कमी/(वृद्धि) | २,११,४५,४१० | (४,१६,३०,५४९) |
| तिर्न बाँकि रकममा भएको वृद्धि/(कमी) | ११,९८,५६,३८८ | १,०४,०७,७१६ |
| **सञ्चालनबाट सृजित नगदः** | **४१,७५,९०,९७२** | **४१,४१,५८,३१४** |
| बोनस भूक्तानी | (२,०६,७१,५०१) | (२,२१,१८,३४०) |
| आयकर भूक्तानी | (६,८५,९४,३११) | (६,६५,१२,८९८) |
| **(ख) सञ्चालन गतिविधिबाट खूद नगद प्रवाह** | **३२,८३,२५,१६०** | **३२,५५,२७,०७७** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| स्थिर सम्पत्तिमा थप | (२,७३,७७,८५२) | (२,५०,०२,७३६) |
| स्थिर सम्पत्ति बिक्री/निसर्ग | - | २०,८८,४९६ |
| **लगानी गतिविधिबाट खूद नगद प्रवाह** | **(२,७३,७७,८५२)** | **(२,२९,१४,२४१)** |
| **(ग) वित्तिय गतिविधिबाट नगद प्रवाह** | | |
| स्वदेशी दीर्घकालिन ऋणमा (कमी)/वृद्धि | - | (१४,११,००,०००) |
| चूक्ता हून बाँकी शेयरको समायोजन | - | १,०७,००० |
| ब्याज भूक्तानी | - | (१,८४,३७,४६७) |
| असूरक्षित ऋणमा (कमी)/वृद्धि | (८७,९८,९८६) | (८,८५,५८,८७२) |
| **वित्तिय गतिविधिबाट खूद नगद प्रवाह** | **(८७,९८,९८६)** | **(२४,७९,८९,३३९)** |
| **खूद नगद र सो सरहमा वृद्धि/(कमी)** | **२९,२१,४८,३२२** | **५,४६,२३,४९६** |
| **बर्षारम्भमा नगद र नगद सरह** | **२९,४५,८८,००३** | **२३,९९,६४,५०७** |
| **बर्षान्तमा नगद र नगद सरह** | **५८,६७,३६,३२५** | **२९,४५,८८,००३** |
| नगद | १९,०५,८४० | १७,६३,८८० |
| मूद्धती बचत | २८,००,००,००० | - |
| बैंक | ३०,४८,३०,४८५ | २९,२८,२४,१२३ |
| | **५८,६७,३६,३२५** | **२९,४५,८८,००३** |

# आ.व. २०७२/०७३ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचीहरू

## ईक्वीटीमा भएको परिवर्तनको विवरण

| विवरण | शेयर पूंजी | शेयर प्रिमियम | पूर्नमूल्याङ्कन जगेडा | सञ्चित नाफा/ (नोक्सान) | साधारण जगेडा | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| वर्षारम्भको मौज्दात | १,८८,६६,५४,००० | | | (२७,६९,२६,८१७) | | १,६०,९७,२७,१८३ |
| तिर्न बाँकी समायोजन | | | | | | |
| **जम्मा** | **१,८८,६६,५४,०००** | - | - | **(२७,६९,२६,८१७)** | - | **१,६०,९७,२७,१८३** |
| यस वर्षको नाफा | | | | १३,६७,१०,१९७ | | १३,६७,१०,१९७ |
| साधारण जगेडामा सारेको | | | | | | |
| शेयरधनीहरूलाई लाभांश | | | | | | |
| नयाँ शेयर जारी | | | | | | |
| **वर्षान्तको मौज्दात** | **१,८८,६६,५४,०००** | - | - | **(१४,०२,१६,६२०)** | - | **१,७४,६४,३७,३८०** |

# प्रमुख लेखानीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू

## २०७३ साल आषाढ ३१ गते (जुलाई १५, २०१६)

१. **संस्थागत पृष्ठभुमि :**

तारागाउँ रिजेन्सी होटल्स लि.(कम्पनी) नेपालको कम्पनी ऐन अन्तर्गत स्थापना भई नेपाल स्टक एक्सचेञ्जमा सूचिकृत भएको पब्लिक कम्पनी हो । यस कम्पनीको रजिष्टर्ड कार्यालय तथा कारोबार गर्ने मुख्य स्थान काठमाण्डौ महानगरपालिका वडा नं. ६, बौद्ध, काठमाण्डौमा रहेको छ ।

यस कम्पनीले Hyatt International SEA (Pte) Ltd. सँग सम्झौता गरी उसको प्राविधिक सहयोगमा होटल व्यवसाय सञ्चालन गर्दै आईरहेको छ ।

२. **प्रमुख लेखा नीतिहरु :**

२.१ **तयारीको आधार :**

२.१.१ **अपनाइएको लेखा विधि :**

यस कम्पनीको वित्तीय विवरणहरु नेपाल वित्तिय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) अनुरुप तयार पारिएको छ। वित्तिय विवरण जारी गर्न सञ्चालक समितिले मिति २०७३।०९।०८ मा स्विकृति प्रदान गर्‍यो ।

२.१.२ **मापनको आधार :**

कम्पनीको वित्तीय विवरण ऐतिहासिक लागत अवधारणा (Historical Cost Convention) अनुरुप एक्रुयल आधार (Accrual Basis) मा तयार तथा प्रस्तुती गरिएको छ ।

२.१.३ **संवेदनशिल लेखाङ्कन अनुमान :**

कम्पनीको वित्तिय विवरण तयार गर्दा नेपाल वित्तीय प्रतिवेदन मान अनुसार केही सूक्ष्म लेखाङ्कन अनुमान तथा निर्णयहरु गर्नु पर्ने हुन्छ । यसको साथै व्यवस्थापनले पनि लेखा नीतिहरु कार्यान्वयन गर्न बिभिन्न अभ्यास तथा निर्णयहरु गर्नु पर्ने हुन्छ । कम्पनिले भविष्यमा हुने घटनाहरुको सम्बन्धमा केही अनुमान तथा आकलन गरेको हुन्छ । अनुमान र आँकलनहरु ऐतिहासिक अभ्यास र अन्य तथ्यहरुको आधारमा निरन्तर विकास हुँदै जान्छ । भविष्यमा ति आँकलन तथा अनुमानहरु वास्तविक नतिजा अनुसार फरक हुन सक्छ । यी अनुमान र आँकलनका कारणले सम्पत्ति तथा दायित्वको मूल्यमा हुने असर, महत्वपूर्ण जोखिम अनुसार तथा मूख्य समायोजनहरु सम्बन्धी विवरण आगामी आ.व.मा खुलाइनेछ ।

२.१.४ **कार्यात्मक तथा प्रचलनको मुद्रा :**

कम्पनीले वित्तीय विवरणहरु नेपाली रुपैयाँमा देखाएको छ जुन कम्पनिको कार्यात्मक तथा प्रचलनको मुद्रा हो ।

२.२ **लेखाङ्कन नितिहरु :**

वित्तीय विवरण तयार गर्दा अपनाइएको प्रमुख लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा उल्लेख गरेको बाहेक कम्पनीले लेखा नीति एकरुपताका साथ लागु गर्दै आईरहेको छ र ती नीतिहरु अधिल्ला वर्ष अनुरुप नै छन् । वित्तिय विवरण तयार गर्दा कतिपय अवस्थाहरुमा केही अनुमान र आँकलनको प्रयोग गर्ने गरिन्छ । वित्तिय विवरणहरु तयार गर्दा प्रयोग गरिएका महत्वपूर्ण निर्णय र आँकलनहरु तथा त्यसले पार्ने प्रभावहरुलाई खुलाउनु पर्छ ।

**२.२.१ आँकलनको प्रयोग (NAS-8) :**

नेपाल लेखामान अनुसार वित्तीय विवरण तयार गर्दा कतिपय रकमहरु अनुमान र आँकलनमा आधारित हुने हुँदा आ.ब.को अन्त्यमा देखाइएको सम्पत्ति, दायित्व र समावेश गरिएको सांयोगिक दायित्व (Contingent liabilities) हरुको रकमहरु र सो आ.ब.का आय र खर्चहरुका रकमहरु फरक हुन सक्छन् । यसरी अनुमानित र वास्तविक रकम बीच कुनै भिन्नता देखिएमा सो भिन्नतालाई पहिचान भएको आ.ब.मा नै लेखाङ्कन गरिन्छ ।

**२.२.२ व्यवसायको निरन्तरता (Going Concern) :**

कम्पनीको वित्तीय विवरणहरु व्यवसायको सञ्चालनमा निरन्तरता रहने अवधारणा अनुरुप तयार गरिएको छ ।

**२.२.३ विदेशी मुद्राको कारोबार (NAS-21) :**

**शुरुको मुल्याङ्कनः**

व्यवसायको सिलसिलामा भएको विदेशी मुद्राको कारोबारलाई कारोबार भएको मितिको विनिमय दरले स्थानीय मुद्रामा रुपान्तर गरिएको छ ।

**रुपान्तरः**

विदेशी मुद्राको सम्पत्ति तथा दायित्वलाई नियमन गरिएको विनिमय दरले प्राप्त हुंदा वा भूक्तानी गर्दाको समयमा विनिमय दरमा भएको परिवर्तनले आएको सटहि फरक (नाफा वा नोक्सान) लाई सोहि समयमा लेखाङ्कन गर्ने गरिएको छ ।

**विदेशी मुद्रामा आम्दानीः**

सेवा बापतको बिजक जारी गर्दा नेपाली मुद्रामा गर्ने गरिएको छ । सो बापतको रकम विदेशी मुद्रामा प्राप्त भएमा प्राप्त हुदाको दिनको विनिमय दरले नेपाली मुद्रामा रूपान्तरित गर्ने गरिएको छ । विनिमय दरमा भएको परिवर्तनले आएको सटहि फरक (नाफा वा नोक्सान) लाई बैंकबाट भुक्तानी पाए अनुसार गर्ने गरिएको छ ।

**२.२.४ स्थिर सम्पत्ति, मेशिन तथा उपकरण (NAS-16) :**

स्थिर सम्पत्तिहरुको हकमा, सो सम्पत्तिको खरिद लागत, निमार्ण लागत वा पुनर्मूल्याङ्कन लागतमा, सम्पत्तिको कुनै अवमूल्यन वा सञ्चित ह्रास/अपलेखन कट्टी गरी देखाइएको छ। सम्पत्ति प्रयोगमा ल्याउदाको दिनसम्मको सम्पत्तिको खरिद वा निर्माण मूल्यमा प्रयोगमा ल्याउन लाग्ने सम्पूर्ण खर्चहरु तथा सम्पत्तिको लागि लिएको ऋणको ब्याज समेत समावेश गरी देखाइएको छ । यदि सम्पत्तिको अवमूल्यन (Impairment of assets) गर्नु पर्ने हुँदा कम्पनीले वर्षको अन्त्यमा सम्पत्तिको अवमूल्यनको पहिचान गरिन्छ, र सो को लेखाङ्कन गरिन्छ ।

**२.२.५ ह्रासकट्टी (NAS-16) :**

जग्गामा ह्रास कट्टी गरिएको छैन । निर्माणाधिन अवस्थामा रहेको सम्पत्तिहरुलाई प्रयोगको लागि तयार नभएसम्म र प्रयोग नभएसम्म ह्रास कट्टी गरिएको छैन । थप भएको सम्पत्तिहरुमा खरीद भएको वर्षमा समानुपातिक आधारमा ह्रास कट्टी गरिएको छ। स्थिर सम्पत्तिको ह्रास कट्टी सो सम्पत्तिको अपेक्षित उपयोगिता बर्षलाई आधार मानि सम्पत्तिको मूल्य रहेसम्म ह्रास कट्टी गर्ने गरिएको छ।

स्थिर सम्पत्तिको ह्रास कट्टी समदर प्रणाली (Straight Line Method) अनुसार गरिएको छ। ह्रास कट्टीको दर अपेक्षित उपयोगिता बर्ष निम्न अनुसार रहेको छ :

| सम्पत्तिको विवरण | ह्रास कट्टीको दर |
|---|---|
| भवन | २.०८% |
| यन्त्र तथा उपकरण | १०.००% |
| फर्निचर तथा कार्यालय सामान | ११.११% |
| कम्प्युटर | २०.००% |
| सवारी साधन | १०.००% |
| अन्य सम्पत्ति | ११.११% |

पूर्नमूल्यांकनको समयमा सञ्चित ह्रास कट्टीलाई सम्पत्तिको कुल मूल्यबाट हटाई बाँकी मूल्यलाई पूर्नमूल्याङ्कन रकमको रुपमा प्रस्तुत गरिएको छ। भवनमा बढी भएको ह्रास जुन ऐतिहासिक लागत अवधारणाको आधारमा निर्धारण गरिएको छ। त्यसलाई पूनर्मूल्याङ्कन कोषबाट संचित कोषमा सारिएको छ। पूर्नमूल्याङ्कन गर्दा भएको नाफालाई पूर्नमूल्याङ्कन कोषमा प्रस्तुत गरिएको छ। सम्पत्तिको बिक्रीका समयमा उक्त कोषलाई नाफा नोक्सान हिसाबमा सारी मिलान गरिने गरिएको छ।

**पूँजीगत कार्य प्रकृया :**

पूँजीगत कार्य प्रक्रिया भन्नाले सम्पत्ति निर्माणमा लागेको प्रत्यक्ष खर्चहरुलाई जनाउँछ। यसमा ब्याज लगायत सम्पूर्ण निर्माण प्रक्रियामा लाग्ने प्रत्यक्ष खर्चहरुलाई पूँजीगत खर्चको रुपमा निमार्ण लागतमा पूँजीकृत गरिएको छ।

**२.२.६ पट्टा अन्तर्गतको सम्पत्ति (NAS-17) :**

सम्पत्तिको सम्पूर्ण जोखिम तथा आम्दानी हस्तान्तरण हुने गरी प्राप्त भएको सम्पत्तिलाई वित्तीय पट्टा (Finance Lease) भनिन्छ। जसमा सम्पत्तिलाई कम्पनीको आफ्नै सम्पत्तिको रुपमा तथा कम्पनीले पट्टामा तिर्न बाचा गरेको रकमलाई दायित्वको रुपमा प्रस्तुत गरिन्छ। पट्टा भुक्तानीलाई साँवा र ब्याजको रुपमा प्रस्तुत गरिन्छ। ब्याज रकमलाई नाफा नोक्सान अन्तर्गत देखाइन्छ भने साँवा रकमलाई पट्टाको वास्तविक दायित्वबाट घटाइ प्रस्तुत गरिन्छ। जुन पट्टामा सम्पत्तिसँग सम्बन्धित जोखिम हस्तान्तरण हुँदैन त्यस पट्टालाई सञ्चालन पट्टा भनिन्छ। यसमा तिर्नु पर्ने कूल भाडा वापतको रकमलाई नाफा नोक्सानमा खर्च देखाइन्छ। पट्टा अन्तर्गतको कुनै आम्दानीलाई भाडा खर्चबाट घटाई प्रस्तुत गरिएको छ।

**२.२.७ अदृश्य सम्पत्ति (NAS-38) :**

**कम्प्युटर सफ्टवेयर**

कम्प्यूटर सफ्टवेयर लाइसेन्स खरिदलाई प्रयोगमा ल्याउदासम्म लाग्ने खर्चहरुलाई समावेश गरि पूँजीकृत गरिएको छ। अपेक्षित उपयोगिता बर्षको आधारमा सो सम्पत्तिको लागतलाई अपलेखन गरी देखाईएको छ।

**२.२.८ व्यापारिक तथा अन्य प्राप्य (आसामी) :**

कम्पनीले असुल गर्नु पर्ने व्यापारिक तथा अन्य रकमहरु मध्ये प्राप्त हुन नसक्ने भनी समूहकृत गरिएको रकमलाई घटाई देखाइएको छ। साथै नउठ्ने आसामीको लागि गरेको व्यवस्थालाई आम्दानी विवरणमा खर्च जनाइएको छ।

**२.२.९ जिन्सी मौज्दात (NAS-02) :**

शुरुमा प्राप्त हुदा जिन्सी मौज्दातको मूल्याङ्कन लागत मूल्यमा तत्पश्चात लागत मूल्य र खुद प्राप्त हुने मूल्यमध्ये जुन कम हुन्छ सो मूल्यमा मूल्याङ्कन गरी देखाइएको छ। खुद प्राप्ती मूल्य भन्ने अनुमानित बजार मूल्यमा परिवर्तित बिक्रि खर्चहरु कट्टी गरि देखाइएको छ।

जिन्सी मौज्दातलाई पहिले प्राप्ती पहिले निश्कासन (First in First Out) FIFO विधि वा भारित औसत विधि (Weighted Average Method) मा मौज्दात प्राप्त गर्दा र हालको स्थान र अवस्थामा राख्नको लागि भएका खर्चहरु समेत समावेश गरी मूल्याङ्कन गरिएको छ । उत्पादित मौज्दात र कार्य प्रकृयामा रहेको मौज्दातको सन्दर्भमा सामान्य क्षमतामा सञ्चालन शिरोभार लागतको उचित बाँडफाँड गरी खर्च समावेश गरिएको छ ।

**२.२.१० नगद र नगद सरह (NAS-7) :**

नगद र नगद सरह अन्तर्गत वासलातको मितिको नगद, बैंक मौज्दात र अन्य अल्पकालिन उच्च तरल लगानी समावेश छन् । बैंक ओभरड्राफ्ट माग गरेको खण्डमा भुक्तानी गर्नुपर्ने र कम्पनीको नगद व्यवस्थापनको अभिन्न अंग भएको हुनाले यसलाई वासलातमा चालू दायित्व भित्र छोटो अवधिको ऋणमा देखाइएको छ ।

**२.२.११ सम्पत्तिको अबमूल्यन (NAS-36) :**

प्रत्येक वर्षको अन्त्यमामा कम्पनीको सम्पत्ति (लगानी सम्पत्ति, biological सम्पत्ति, जिन्सी मौज्दात र पर सारिएको कर बाहेक) मा भएको क्षतिको यकिन गर्ने गरिएको छ । प्रयोगमा नआएको अदृश्य सम्पत्तिको प्राप्य रकम हरेक वर्षान्तमा अनुमान गरिन्छ । सम्पत्ति अथवा cash generating unit को Carrying Amount असुल हुन सक्ने रकम भन्दा बढी भएमा सम्पत्तिको अवमूल्यन (Impairment of Assets) को लेखाङ्कन गरिन्छ । अवमूल्यन (Impairment of Assets) को लेखाङ्कन नाफा नोक्सानमा गरिन्छ । प्राप्य रकम (Recoverable Amount) भन्नाले सम्पत्तिको खुद विक्रि मुल्य र प्रयोग को मूल्य (Value in use) मध्ये जुन बढी हुन्छ सो लाई जनाउछ ।

**२.२.१२ शेयर पूँजी :**

वित्तीय दायित्व तथा वित्तीय सम्पत्तिको परिभाषा भित्र नपर्ने कम्पनीद्वारा जारी गरिएको वित्तीय उपकरणहरुलाई पूँजीको रुपमा वर्गिकरण गरि राखिएको छ । कम्पनीको शेयर पूँजीमा वित्तीय उपकरणहरु पर्दछ ।

अग्राधिकार शेयर पूँजीलाई फिर्ता नहुने र सञ्चालकले छनौट गरेको अनिश्चित लाभांश पाउने अवस्थामा मात्र पूँजीको रुपमा राखिन्छ । अग्राधिकार शेयर पूँजी निश्चित समय पश्चात भुक्तानी हुने हुनाले शेयरधनीको लाभांशलाई नाफा नोक्सान हिसावमा ब्याज खर्च लेखिएको छ ।

**२.२.१३ ऋणको लागत (NAS-23) :**

ब्याज सहितको ऋणलाई प्रारम्भिक रुपमा लागतमा प्रस्तुत गरिएको छ । तत्पश्चात ब्याज सहितको ऋणलाई घटेको मूल्यमा देखाईन्छ । लागत र redemption मूल्यमा कुनै फरक भएमा सो लाई effective ब्याज तरिका अपनाई नाफा नोक्सान अन्तर्गत ऋण अवधि भरी खर्च लेखाङ्कन गरिन्छ ।

**२.२.१४ अवकाश सुविधा (NAS-19) :**

कम्पनीले कर्मचारी सञ्चय कोष वापत योगदान गरेको रकमलाई सम्बन्धित वर्षको नाफा नोक्सान हिसावमा खर्च लेखिएको छ । तोकिएको अवधिसम्म सेवारत कर्मचारीहरुलाई सम्बन्धित वर्षको आधारभूत पारिश्रमिकको आधारमा उपदान कोषको व्यवस्था गरिएको छ र सो रकमलाई नाफा नोक्सान हिसावमा खर्चमा देखाइएको छ ।

**अन्य दिर्धकालिन सेवासुविधा :**

कर्मचारीहरुलाई निश्चित महिनाको पारिश्रमिक सहितको विदाको व्यवस्था वा निश्चित समयको सेवा पश्चात् नगदमा रुपान्तरित गर्ने गरिएको छ तर कर्मचारीले पहिलेनै बिदा लिएमा सो पाउने छैनन् ।

**२.२.१५ कर : (स्थगन कर समेत) (NAS-12) :**

स्थगन करले यस वर्षको करयोग्य आय र लेखाङ्कन आय बीचको समयका कारणले भएको अन्तरको (Timing difference) प्रभाव साथै अघिल्लो वर्षको समायाङ्कन फरक दर्शाउँछ । स्थगन करको मापन

कर मूल्य र प्रचलित कर कानुन अनुसार तयार पारिएको वासलातको मितिमा राखिएको छ । स्थगन कर सम्पत्तिहरुको पहिचान र पुनरावलोकन प्रत्येक वासलातको मिति अनुसार गरिने छ । सो गर्दा उपयुक्त तरिका अनुसार भविष्यका लागि आवश्यक कर आय रकम उपलब्ध हुने गरी स्थगन कर सम्पत्तिको मूल्याङ्कन गरिएको छ । कम्पनीको अघिल्लो वर्षको मिलान गर्न बाँकी घाटा रकम वा कर घाटा हुने अवस्था सृजना भएमा सम्पूर्ण स्थगन कर सम्पत्तिको पहिचान उपयुक्त प्रमाणको आधारमा यकिन गरी भविष्यमा आई पर्ने करयोग्य आयको लागि संकलन गरिनेछ । अघिल्लो वर्ष पहिचान नभएको स्थगन कर सम्पत्तिलाई फेरी मापन गरी पहिचान गरी त्यसको यकिन वासलातमा गरिएको छ । साथै भविष्यका लागि करयुक्त आय उपलब्ध हुने गरी स्थगन कर सम्पत्तिको यकिन गरिएको छ ।

**२.२.१६ व्यापारिक तथा अन्य तिर्नुपर्ने दायित्वः**

व्यापारिक तथा अन्य तिर्नुपर्ने दायित्वलाई लागत मूल्यमा देखाइएको छ ।

**२.२.१७ व्यवस्था (Provisions), तथा संभावित दायित्व (Contingent Liabilities) सम्भावित सम्पत्ति (Contingent Assets) (NAS-37) :**

विगतको घटनाको परिणाम स्वरूप सिर्जित दायित्व जसको कारणले स्रोत र साधनको वहिर्गमनको सम्भावना बढ्न जान्छ र जुन दायित्वको भरपर्दो अनुमान गर्न सकिन्छ, त्यस्ता दायित्वको व्यवस्था गरिएको छ । व्यवस्था गरिएको रकमहरुलाई हालको मूल्य अनुसार समायोजन गरिएको छैन तर वर्षान्तको वासलातमा दायित्वको निर्धारण गर्न पूनरमूल्याङ्कन गरिएको र आवश्यक भरपर्दो अनुमानलाई आधार मानिएको छ । नेपाल वित्तीय प्रतिवेदन मान "NAS-37 को व्यवस्था, सम्भावित दायित्व र सम्भावित सम्पत्ति" अनुरूप प्रत्येक वासलातको मितिमा व्यवस्थाहरूको पूनरावलोकन गरी हालको उपयुक्त अनुमान अनुसार समायो जन गर्ने गरिन्छ । भविष्यमा संभावित दायित्व सिर्जना हुन सक्ने, तर संभावना कम रहेको संभावित दायित्व (Contingent Liabilities) लाई छुट्टै देखाइएको छ । सम्भावित सम्पत्तिको पहिचान वित्तीय विवरणमा गरिएको छैन । तथापि, निरन्तर सम्पत्तिको निर्धारण र यदि आर्थिक लाभको सुनिश्चितता भएमा सम्भावित समपत्ति र सम्वन्धित आम्दानिलाई उत्पन्न अवधिमा नै लेखाङ्कन गरिएको छ ।

**२.२.१८ आम्दानीको लेखाङ्कन (NAS-18) :**

आम्दानीको लेखाङ्कन त्यो हदसम्म गरिएको छ जसको आर्थिक फाइदाको सम्भावना कम्पनीलाई हुन सक्छ तथा आम्दानी र सोका लागि गरिएका खर्च वा सम्भावित खर्चलाई समेत भरपर्दो रुपमा मापन गर्न सकिन्छ । मूल्य अभिवृद्धि कर र अन्तःशुल्क घटाइसके पछिको मूल्यनै आम्दानीको वास्तविक मूल्य हो । जसको भुक्तानी प्राप्त भईसकेको वा प्राप्त नभईसकेको पनि हुनसक्छ ।

**२.२.१९ खर्चहरु :**

**सञ्चालन लिज भुक्तानी**

सञ्चालन लिज वापतको भुक्तानीलाई समदर प्रणाली (Straight Line Method) अनुसार नाफा नोक्सान हिसावमा खर्च लेखाङ्कन गरिएको छ । लिज वापत प्राप्त हुने रकमलाई जम्मा लिज वापतको रकमको अभिन्न अङ्गको रुपमा आय विवरणमा लेखाङ्कन गरिएको छ ।

**खुद वित्तीय लागत**

खुद वित्तीय खर्चहरुमा ऋणमा लाग्ने ब्याज दरले गणना गरी देखाइएको ब्याज खर्च र सो मा विदेशी मुद्रा नाफा नोक्सान समेत समावेश छ ।

ब्याज आम्दानीलाई एक्रुयल आधारमा नाफा नोक्सान हिसावमा आम्दानी जनाइएको छ । लाभांश आम्दानीलाई भुक्तानी प्राप्त हुने अधिकार सिर्जना हुने आधारमा नाफा नोक्सान हिसावमा आम्दानी देखाउने गरिएको छ ।

**२.२.२० समूहकृत प्रतिवेदन :**

समूहकृत भन्नाले कम्पनीको विभाजन गर्न सकिने विभिन्न विभाग (काम) जसमा वस्तु वा सेवा प्रदान गर्ने वा वस्तु तथा सेवा प्रदान गर्ने विभिन्न आर्थिक वा भौगोलिक, जुन विषयवस्तुको जोखिम वा आम्दानीको आधारमा छुट्याउन सकिन्छ ।

**२.२.२१ सञ्चालन अनिरन्तरता :**

संचालन अनिरन्तरता भन्नाले कम्पनीको कुनै व्यवसाय जसलाई अनिरन्तरता तथा बन्द गरिएको र जुन छुट्टै व्यवसायको तथा भौगोलिक रुपमा प्रस्तुत गरिएको छ ।

**२.२.२२ सम्बन्धित पक्ष कारोबार (NAS-24) :**

सम्बन्धित पक्षसँगको सबै कारोबारलाई कम्पनीले सामान्य बजार व्यवहार (Arms length principle) सिद्धान्तको आधारमा गर्ने गरेको छ ।

**२.२.२३ प्रति शेयर आम्दानी (NAS-33) :**

प्रति शेयर आम्दानी गणना गर्दा यस अवधिको खुद नाफा/नोक्सानलाई सोही अवधिको जम्मा शेयरको औसत संख्याले भाग गरी निकालिएको छ ।

प्रति शेयरको Diluted आम्दानी गणना गर्नको लागि सो समायोजन अवधिको खुद नाफा/नोक्सान र सोही अवधिको लागि सम्भावित Diluted शेयरको औसत संख्याका आधारमा साधारण शेयर संख्या अनुमान गरी कूल शेयर संख्याले भाग गरी निकालिएको छ ।

# आ.व. २०७२/०७३ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचीहरु

## ३ अन्य ब्याख्यात्मक टिप्पणीहरु

### ३.१ सम्पत्ति, मेशिन तथा यन्त्र उपकरणहरु

| लागत | जग्गा तथा भवन (रू.) | यन्त्र तथा मेशिनरी (रू.) | फर्निचर तथा कार्यालय सामग्री (रू.) | कम्प्युटर (रू.) | सवारी (रू.) | अन्य सम्पत्ति (रू.) | जम्मा (रू.) |
|---|---|---|---|---|---|---|---|
| **२०७२ श्रावण १ गतेको मौज्दात** | **२,१६,३६,२०,७६७** | **१,०९,०४,२३,३९८** | **१४,२१,४४,८६३** | **४,६४,८५,३२९** | **३,३४,१२,३१४** | **१४,६२,१५,३४८** | **३,६२,२३,०२,०१९** |
| थप | २,५७,६०,६०९ | ६०,०७७ | १३,७०,२१८ | १,६१,९४७ | - | - | २,७३,५२,८५१ |
| बिक्रि/समायोजन | - | - | - | (४,१२,४०,५२६) | - | - | (४,१२,४०,५२६) |
| **२०७३ आषाढ ३१ गतेको मौज्दात** | **२,१८,९३,८१,३७६** | **१,०९,०४,८३,४७५** | **१४,३५,१५,०८१** | **५४,०६,७५०** | **३,३४,१२,३१४** | **१४,६२,१५,३४८** | **३,६०,८४,१४,३४४** |
| **ह्रास तथा अवमूल्यन नोक्सानी:** | | | | | | | |
| **२०७२ श्रावण १ गतेको मौज्दात** | **४१,०६,००,८९२** | **७६,४३,०६,६३०** | **९,२०,२५,९३७** | **४,४०,२७,१६२** | **१,१२,४४,७३५** | **१०,७२,००,९२६** | **१,४२,९४,०६,२८२** |
| यस वर्षको ह्रास कट्टी | ३,४१,४७,५४९ | ६,४०,७०,६२६ | १,०५,४९,६०८ | ९,५२,८५८ | ३०,६३,९६७ | ९५,४४,७७६ | १२,२३,२९,३८४ |
| निसर्ग | - | - | - | (४,१२,४०,५२६) | - | - | (४१,२४०,५२६) |
| **२०७३ आषाढ ३१ गतेको मौज्दात** | **४४,४७,४८,४४१** | **८२,८३,७७,२५६** | **१०,२५,७५,५४५** | **३७,३९,४९४** | **१,४३,०८,७०२** | **११,६७,४५,७०२** | **१,५१,०४,९५,१४०** |
| **बांकी रकम** | | | | | | | |
| **२०७२ श्रावण १** | **१,७५,३०,१९,८७५** | **३२,६१,१६,७६८** | **५,०१,१८,९२६** | **२४,५८,१६७** | **२,२१,६७,५७९** | **३,९०,१४,४२२** | **२,१९,२८,९५,७३७** |
| **२०७३ आषाढ ३१** | **१,७४,४६,३२,९३५** | **२६,२१,०६,२१९** | **४,०९,३९,५३६** | **१६,६७,२५६** | **१,९१,०३,६१२** | **२,९४,६९,६४६** | **२,०९,७९,१९,२०४** |
| ह्रास कट्टी दर | २.०८% | १०% | ११.११% | २०% | १०% | ११.११% | |

# आ.व. २०७२/०७३ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचीहरू

## ३.२ अदृश्य सम्पत्ति

| लागत | सफ्टवेयर (रू.) |
|---|---|
| **२०७२ श्रावण १ गतेको मौज्दात** | **१,१५,७०,८९४** |
| थप बाहिरबाट प्राप्त | २५,००० |
| अन्य प्राप्ती र आन्तरिक विकास | - |
| **२०७३ आषाढ ३१ गतेको मौज्दात** | **१,१५,९५,८९४** |
| **गत वर्षसम्मको अपलेखन:** | |
| **२०७२ श्रावण १ गतेको मौज्दात** | **१,१४,३५,२५४** |
| यस वर्षको अपलेखन | ९४,९८४ |
| **२०७३ आषाढ ३१ गतेको मौज्दात** | **१,१५,३०,२३८** |
| **बांकी रकम** | |
| **२०७२ श्रावण १** | **१,३५,६४०** |
| **२०७३ आषाढ ३१** | **६५,६५६** |

## ३.३ जिन्सी मौज्दात

| विवरण | आ.व. २०७२/०७३ (रू.) | आ.व. २०७१/०७२ (रू.) |
|---|---|---|
| खाद्य तथा पेय पदार्थ | ९१,०८,६९२ | ८४,९८,३९८ |
| सञ्चालन सामग्री | २९,३३,४४३ | ३१,७१,६२९ |
| ईन्जिनियरिङ्ग सामग्री | ३९,१६,७९९ | ३१,२०,१९० |
| **जम्मा** | **१,५९,५८,९३४** | **१,४७,९०,२२७** |

## ३.४ व्यापारिक तथा अन्य प्राप्य रकम

| विवरण | आ.व. २०७२/०७३ (रू.) | आ.व. २०७१/०७२ (रू.) |
|---|---|---|
| व्यापारिक प्राप्य रकमहरू | २२,६१,६५,६२१ | १६,७१,८५,१११ |
| न्युन: संकास्पद | (८,८६,२५,३३९) | (८,५८,६५,६८२) |
| खुद व्यापारिक प्राप्य रकमहरू | १३,७५,४०,२८२ | ८,१३,१९,४२९ |
| सुरक्षित धरौटी | ४,९०,३१८ | ४,९०,३१८ |
| सुरक्षित धरौटी आयकर मूद्दा | ३,२९,६०,००० | २,८८,४८,२०४ |
| मु.अ.कर पाउनूपर्ने | १,९०,६२२ | ३२,२३,७८७ |
| आपुर्तिकर्ता तथा अन्यलाई पेश्की | १९,११,३४९ | १८,९७,६३९ |
| अग्रिम भूक्तानी | १,००,०३,८१५ | ६३,१२,११८ |
| **जम्मा** | **१८,३०,९६,३८६** | **१३,००,९१,४९५** |

# आ.व. २०७२/०७३ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचीहरू

## ३.५ नगद तथा बैंक मौज्दात

| विवरण | आ.व. २०७२/०७३ (रू.) | आ.व. २०७१/०७२ (रू.) |
|---|---|---|
| नगद मौज्दात | १९,०५,८४० | १७,६३,८८० |
| मुद्दती खातामा मौज्दात | २८,००,००,००० | - |
| बैंक मौज्दात | ३०,४८,३०,४८५ | २९,२८,२४,१२३ |
| **जम्मा** | **५८,६७,३६,३२५** | **२९,४५,८८,००३** |

## ३.६ शेयर पूँजी

| विवरण | आ.व. २०७२/०७३ (रू.) | | आ.व. २०७१/०७२ (रू.) | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| अधिकृत शेयर पूँजी | ५,००,००,००० | ५,००,००,००,००० | ५,००,००,००० | ५,००,००,००,००० |
| जारी शेयर पूँजी | | | | |
| साधारण शेयर | २,५०,००,००० | २,५०,००,००,००० | २,५०,००,००० | २,५०,००,००,००० |
| चुक्ता शेयर पूँजी | | १,८८,६६,५४,००० | | १,८८,६६,५४,००० |
| साधारण शेयर | १,०८,८५,४०० | | १,०८,८५,४०० | |
| साधारण शेयर (ऋणबाट परिवर्तित) | ५८,५९,३९० | | ५८,५९,३९० | |
| साधारण शेयर (अग्राधिकार शेयरबाट परिवर्तित) | २१,२१,७५० | | २१,२१,७५० | |
| न्यूनः चुक्ता हुन बाँकी | | | | |
| **जम्मा** | **१,८८,६६,५४०** | **१,८८,६६,५४,०००** | **१,८८,६६,५४०** | **१,८८,६६,५४,०००** |

## ३.७ सञ्चित

| विवरण | आ.व. २०७२/०७३ (रू.) | आ.व. २०७१/०७२ (रू.) |
|---|---|---|
| गत वर्षसम्मको नोक्सानी | (२७,६९,२६,८१७) | (४४,१२,४७,६४०) |
| गत वर्षको समायोजन | | २०,८१,५९८ |
| यस वर्षको नाफा | १३,६७,१०,१९७ | १६,२२,३९,२२५ |
| **जम्मा** | **(१४०,२१६,६२०)** | **(२७,६९,२६,८१७)** |

## ३.८ दिर्घकालिन कर्मचारी सुविधाहरु

| विवरण | आ.व. २०७२/०७३ (रू.) | आ.व. २०७१/०७२ (रू.) |
|---|---|---|
| उपदान व्यवस्था | ३,१२,४५,३४५ | २,६३,५७,७७१ |
| सञ्चित विदा | १,०४,००,९९१ | ९०,६५,२०७ |
| **जम्मा** | **४,१६,४६,३३६** | **३,५४,२२,९७८** |

# आ.व. २०७२/०७३ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचीहरु

## ३.९ दिर्घकालिन व्यवस्थाहरु

| विवरण | आ.व. २०७२/०७३ (रू.) | आ.व. २०७१/०७२ (रू.) |
|---|---|---|
| बासस्थान व्यवस्था | १५,८८,९३,५७४ | १४,८४,७७,९२५ |
| **जम्मा** | **१५,८८,९३,५७४** | **१४,८४,७७,९२५** |

## ३.१० ऋण तथा सापटीहरु

| विवरण | आ.व. २०७२/०७३ (रू.) | आ.व. २०७१/०७२ (रू.) |
|---|---|---|
| **गैर चालु** | | |
| बैंक ऋण | | |
| सुरक्षित | | |
| असुरक्षित | | |
| | - | - |
| **चालु** | | |
| अधिविकर्ष | | |
| बैंक ऋण | | |
| सुरक्षित | ७,८४,०२,१४२ | ८,७२,०१,१२८ |
| असुरक्षित | | |
| | **७,८४,०२,१४२** | **८,७२,०१,१२८** |
| **जम्मा ऋण तथा सापटीहरु** | **७,८४,०२,१४२** | **८,७२,०१,१२८** |

## ३.११ परसारिएको कर सम्पत्ति र दायित्व

| विवरण | रकम (रू.) |
|---|---|
| **गत वर्षको वासलात अनुसार** | **१५,३७,३३,६१४** |
| नाफा नोक्सान हिसाबमा समायोजन गरिएको | (९७,४४,५३७) |
| **२०७३ आषाढको रकम** | **१४,३९,८९,०७७** |

# आ.व. २०७२/०७३ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचीहरू

## ३.१२ व्यापारिक तथा अन्य तिर्नुपर्ने

| विवरण | आ.व. २०७२/०७३ (रू.) | आ.व. २०७१/०७२ (रू.) |
|---|---|---|
| रिटेन्सन मनी (Retention Money) | २७,८५,०३४ | ८,५१,३८१ |
| विविध साहुहरू तथा अन्य दिनुपर्ने | ५७,८३,५७,३१५ | ४५,५२,५४,५७० |
| तिर्नुपर्ने श्रोतमा कर कट्टी | ३४,०७,९६८ | ३०,०४,५०४ |
| तिर्नुपर्ने मु.अ.कर | ४४,२६,१२५ | ० |
| ग्राहकहरूबाट प्राप्त अग्रिम भुक्तानी | ५,११,४७,१२५ | ४९,०५,१६३ |
| ६% असुरक्षित ऋणमा तिर्नुपर्ने व्याज | २,६१,१८,४७५ | २,८८,१०,६७२ |
| **जम्मा** | **६६.६२.४२.०४२** | **४९.२८.२६.२९०** |

## ३.१३ अल्पकालिन कर्मचारी सुविधाहरु

| विवरण | आ.व. २०७२/०७३ (रू.) | आ.व. २०७१/०७२ (रू.) |
|---|---|---|
| तिर्नुपर्ने तलब, ज्याला तथा कर्मचारी खर्च | १,३०,१२,३८८ | १,३५,४६,९८२ |
| बोनस व्यवस्था | १,७९,९०,६६६ | २,०६,७१,५०१ |
| **जम्मा** | **३.१०.०३.०५४** | **३.४२.१८.४८३** |

## ३.१४ अल्पकालिन व्यवस्थाहरु

| विवरण | आ.व. २०७२/०७३ (रू.) | आ.व. २०७१/०७२ (रू.) |
|---|---|---|
| कर तथा शुल्कको व्यवस्था | ० | ४,२३,३७,५०० |
| तिर्नुपर्ने कार्यालय खर्चहरू | ३,५६,७७७ | ७,९१,२१४ |
| अन्य व्यवस्थाहरू कर्पोरेट | ५,४१,७५० | ५,६४,७५० |
| हायात तिर्नुपर्ने अपरेशन | ४०,७७,४३१ | २,०४,७२,९६१ |
| अन्य व्यवस्थाहरू अपरेशन | ४३,६२,८०१ | ४३,९५,०३६ |
| **जम्मा** | **९३.३८.७५९** | **६.८५.६१.४६१** |

# आ.व. २०७२/०७३ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचीहरु

## ३.१५ सञ्चालनबाट आम्दानी

| विवरण | आ.व. २०७२/०७३ (रू.) | आ.व. २०७१/०७२ (रू.) |
|---|---|---|
| कोठा | ५७,२६,८४,२६५ | ६७,२१,३८,०२३ |
| खाद्य तथा पेय पदार्थ | ३८,९०,३९,२१४ | ४३,६२,२६,९४३ |
| टेलिफोन | ३३,१८,१४९ | २५,०७,५५७ |
| अन्य सञ्चालन विभागहरू | ५,२७,१४,७७१ | ५,५९,२५,७१३ |
| **जम्मा** | **१,०१,७७,५६,३९९** | **१,१६,६७,९८,२३६** |

## ३.१६ बिक्रीको लागत

| विवरण | आ.व. २०७२/०७३ (रू.) | आ.व. २०७१/०७२ (रू.) |
|---|---|---|
| कोठा | ९,१३,४९,०५० | ९,६६,४१,६११ |
| खाद्य तथा पेय पदार्थ | १९,२०,२२,७७४ | २०,६१,८६,०४० |
| टेलिफोन | ३३,७२,७५३ | २८,८३,९९६ |
| अन्य सञ्चालन विभागहरू | १,६०,०९,५६५ | १,४९,७७,७११ |
| **जम्मा** | **३०,२७,५४,१४२** | **३२,०६,८९,३५८** |

## ३.१७ कारोबारसँग सम्बन्धित अन्य आम्दानी

| विवरण | आ.व. २०७२/०७३ (रू.) | आ.व. २०७१/०७२ (रू.) |
|---|---|---|
| भाडा आम्दानी | ३,३७,७७,१४१ | ५७,६७,०९४ |
| अन्य आम्दानी | १,९४,९८,६२५ | १,८४,६१,१३८ |
| **जम्मा** | **५,३२,७५,७६६** | **२,४२,२८,२३२** |

# आ.व. २०७२/०७३ सालको वार्षिक हिसाबसँग सम्बन्धित अनुसूचीहरू

## ३.१८ प्रशासकीय तथा साधारण खर्चहरु

| विवरण | आ.व. २०७२/०७३ (रू.) | आ.व. २०७१/०७२ (रू.) |
|---|---|---|
| तलब तथा ज्याला/भत्ता | ८,३०,६५,२४६ | ७,५२,२५,९५७ |
| सञ्चय कोष | ५७,९७,९१३ | ५६,०५,४०३ |
| उपदान कोष | ३५,८३,९५९ | ३८,३०,३९२ |
| अन्य सुविधा | १७,२०,८८,५५१ | १,८२,५१,३४६ |
| सेवा तथा सम्भार (Up Keep) खर्च | २०,०२,६८३ | २४,५८,०६२ |
| कमिशन | १,९३,२८,७६१ | १,९४,९३,८३७ |
| संगीत तथा मनोरन्जन | १२,४२,७७५ | १४,४५,४८५ |
| छपाई तथा मसलन्द | १२,८१,१०५ | १०,३२,८१८ |
| सजावट | १८,८०,५१३ | १६,५०,३०१ |
| परिवहन खर्च | १५,१७,७८९ | २७,८३,३६९ |
| सञ्चार खर्च | १५,९७,६४३ | ९,०५,५६१ |
| बैंक/केडिट कार्ड शुल्क | १,४५,८९,७९८ | १,७४,६६,०८३ |
| सफ्टवेयर मर्मत खर्च | १,४४,०९,०९५ | ९५,३९,९४० |
| विज्ञापन तथा बिक्री प्रवर्द्धन | ६३,५८,६९० | १,२१,९४,९५७ |
| मर्मत तथा सम्भार | ६,३४,३९,०८६ | ४,५८,७५,६७१ |
| विद्युत तथा इन्धन | ८,३४,३२,६२७ | ८,८५,२७१५८ |
| पानी तथा ढल निकास | ३८,१३,७२० | २७,८९,१३० |
| चन्दा | - | ३,१०,००० |
| व्यापारिक प्रदर्शनी तथा संगठन खर्च | १७,५३,०५६ | १४,६६,२४८ |
| भ्रमण | ७,५७,००८ | ३६,५८,५३९ |
| बीमा | ५९,५३,१६७ | ७०,३३,८३७ |
| औषधोपचार | २,०७,८४७ | १,६५,६३१ |
| वार्षिक साधारण सभा | १५,१७,८९८ | १४,७४,३६३ |
| सरकारी शुल्क तथा नविकरण | १२,२९,८०२ | ४,३२,२२,६०१ |
| अन्य | २८,५३,०८७ | ४६,४५,३९० |
| तालिम अन्य | २६,६३,२५१ | २७,८२,९२१ |
| कानूनी तथा परामर्श | ७२,१५,०२४ | ६५,४०,४८७ |
| सञ्चालक समितिको बैठक भत्ता | १,८२,३५३ | ५,२९,५१२ |
| पट्टा बहाल | ३२,५६,००० | ३१,०८,००० |
| लेखापरीक्षण शुल्क | १,००,००० | १,००,००० |
| सूरक्षा खर्च | १,०७,४६,८७७ | १,११,५१,६७७ |
| शंकास्पद आसामी व्यवस्था | १३,५२,९८३ | २६,१७,११० |
| **जम्मा** | **३६,४३,३८,३०७** | **३९,७८,८१,६८६** |

**३.१९ लेखा सम्बन्धी टिप्पणीहरुः**

**३.१९.१ बिक्रीको लागतः**

आम्दानी प्राप्त गर्नको लागि प्रत्यक्ष रुपमा गरिएका खर्चहरुलाई बिक्रिको लागतमा राखिएको छ ।

**३.१९.२ अवकाश सुविधाः**

कम्पनीले कर्मचारी अवकाश सुविधा योजना अन्तर्गत कर्मचारी सञ्चय कोष, कर्मचारी उपदान कोष र सञ्चित विदाको नगद भुक्तानीको व्यवस्था गरेको छ । आवधिक रुपमा सञ्चय कोष वापतको योगदानलाई आय विवरणमा खर्च लेखिएको छ ।

वर्षान्तको अन्तमा उपदान वापतको दायित्वलाई वास्तविक रुपमा मूल्याङकन नगरिएपनि तोकिएको अवधि सम्म सेवारत कर्मचारीहरुलाई सम्बन्धित वर्षको आधारभूत पारिश्रमिकको आधारमा उपदान कोषको व्यवस्था गरिएको छ । यस बर्षको लागि उपदान वापत रु. ७४,५७,५८९/- को व्यवस्था गरिएको छ जुन नाफा नोक्सान हिसावमा खर्च देखाइएको छ ।

त्यसैगरी होटलको नियम अनुसार कर्मचारीको सञ्चित विदाको सट्टा नगद भूक्तानी वापतको दायित्व २०७३ आषाढ मसान्तलाई अवकाशको अन्तिम दिन मान्दा रु. १,०४,००,९९१/- दायित्व देखिन्छ (गत वर्ष रु ९,०६५,२०७/- थियो) ।

यस वर्ष सञ्चय कोष स्वरुप जम्मा रु. १,१४,३८,०३३/- आय विवरणमा खर्च लेखिएको छ ।

कम्पनीले उपदान वापतको रकम स्वीकृत उपदान कोषमा राख्ने प्रक्रियामा रहेको छ ।

**३.१९.३ कोठाको अक्यूपेन्सीः**

यस वर्ष कोठाको अक्यूपेन्सी दर ५७ प्रतिशत रह्यो, जुन गत वर्ष ६७ प्रतिशत रहेको थियो ।

**३.१९.४ सम्पत्ति पट्टा बहालः**

कम्पनीले तारा गाउँ विकास समितिसँग ४९ वर्षको लागि १४८ रोपनी जग्गा बहालमा लिएको छ । जसलाई मे १९, १९९४ को सहमति पत्रअनुसार नवीकरण गर्न सकिने छ । पट्टा बहाल खर्चलाई आय विवरणमा खर्च लेखिएको छ ।

**३.१९.५ क्यासिनोको सञ्चालनः**

क्यासिनो संचालन गर्नको लागि Pride Entertainment and Recreation Pvt. Ltd. सँग १७ नोवेम्बर २०१५ देखि लागु हुने गरी सम्झौता गरिएको र सोहि अवधिको वहाल आम्दानी गणना गरी लेखाङ्कन गरिएको छ ।

**३.१९.६ अग्राधिकार शेयरको लागि लाभांशको ब्यवस्था गरिएको छैनः :**

कम्पनीले यस वर्ष नाफा आर्जन गरे पनि सञ्चित नोक्सानी रहेको हुनाले अग्राधिकार शेयरलाई साधारण शेयरमा परिवर्तन गर्दासम्मको अर्थात आ.व. २०७०/०७१ सम्मको लाभांशको लागि रु.८,९६,७१,५४९/- व्यवस्था गरिएको छैन ।

**३.१९.७ १८% अग्राधिकार शेयरको रकमलाई ६% असुरक्षित ऋणमा परिवर्तनः**

१८% अग्राधिकार शेयर र उक्त शेयरमा पाकेको लाभांस सहितबाट परिवर्तन भएको ६% असुरक्षित ऋणको भुक्तानी २०७१।०५।०२ बाट प्रारम्भ भएको छ । त्यसै गरी उक्त ६% असुरक्षित ऋणमा पाकेको व्याजको भुक्तानी समेत मिति २०७०।०९।१६ बाट नै भईरहेको छ ।

**३.१९.८ शेयर मूल्य भूक्तानी आमन्त्रणमा लचकताः**

बैंक/ऋणदाताहरुले ऋणलाई साधारण शेयरमा परिवर्तन गरेको सम्बन्धमा, बैंक/ऋणदाताहरुले शेयर लिएको मितिदेखि ५ वर्ष भित्रमा कुनै पनि समयमा बैंक तथा ऋणदाताहरुले तारागाउँ रिजेन्सी होटल्स लि. को

लिन कबुल गरिएको शेयरहरु फेरी किन्न सक्ने अधिकार यस कम्पनीको संस्थापकसँग रहेको थियो । तर यो आमन्त्रणको समय सकि सकेको छ । अब बैंक/ऋणदाताहरुले आफ्नो सुविधा अनुसार कुनै पनि व्यक्तिलाई उक्त शेयर बेच्न सक्ने छ तर संस्थापकहरुलाई पहिलो इन्कारी गर्नको लागि १५ दिनको अवसर दिइने छ ।

**३.१९.९ हायात व्यवस्थापन खर्च (Hyatt Incentive Fee):**

कम्पनीले हायात व्यवस्थापन शुल्क बापत रु. ५.०७ करोड व्यवस्था गरेको छ । जुन हायात इन्टरनेशनलसँग ११ नोभेम्बर १९९६ मा सहमति भई नेपाल सरकारको उद्योग विभागबाट १० सेप्टेम्बर १९९७ मा स्वीकृति भए बमोजिमको हायात व्यवस्थापनले १७ जुलाई २०१५ देखि ३० जुन २०१६ सम्म देखाएको कूल सञ्चालन नाफाको १४% र १ जुलाई २०१६ देखि १५ जुलाई २०१६ सम्मको कुल संचालन नाफाको १६% ले हुने रकम हो । त्यस्तै कम्पनिले बिभिन्न मितिमा उद्योग विभागबाट पुरक सम्झौताहरु पनि स्विकृति गराएको छ र पछिल्लो पटक मिति २०७२।५।१४ मा स्वीकृत लिएको छ । त्यसै गरी कम्पनीले Chain Allocation Fee वापत यस वर्ष रु. २.२४ करोडको व्यवस्था गरेको छ ।

**३.१९.१० संभावित दायित्व:**

**क) आयकर र मु.अ.करः**

कम्पनीले कर फछ्र्यौट आयोगमा आ.व. २०६६।०६७ सम्मको कर सम्बन्धी विवाद फछ्र्यौटको लागि निवेदन गरेको थियो जुन यसै समिक्षा अवधिमा फछ्र्यौट भयो । आ.व. २०६७।०६८ देखि २०७०।०७१ सम्मको यस कम्पनीले प्रशासिकिय पुनरावलोकन गर्नको लागि आन्तरिक राजश्व विभागमा निवेदन गरेको थियो । जुन हाल विचराधिन अवस्थामा रहेको छ । धरौटी स्वरुप रु. ७,२१,६०,०००।- जम्मा गरिएको छ र आन्तरिक राजश्व विभागबाट निर्धारण गरी माग गरिएको रकम भने व्यवस्थापन गरिएको छैन । धरौटीको विवरण निम्नानुसार रहेको छ:

| आर्थिक वर्ष | जम्माकर धरौटी रु. | संभावित दायित्व रु. |
|---|---|---|
| २०६७।०६८ | १०,००,०००.०० | २९,६८,९३२.०० |
| २०६८।०६९ | ९,६०,०००.०० | १,६३,१५,६८२.९० |
| २०६९।०७० | ३,१०,००,०००.०० | ११,३४,८९,१०६.०० |
| २०७०।०७१ | ३,९२,००,०००.०० | ११,७५,७६,४५०.१७ |
| **जम्मा** | **७,२१,६०,०००.००** | **२५,०३,५०,१७१.०७** |

**ख) काठमाण्डौ महानगरपालिका जग्गा तथा बाहालकर:**

यस कम्पनी र काठमाडौं महानगरपालिका विच घर जग्गा कर सम्बन्धी विवाद टुंग्याउने प्रक्रियामा रहेको तथा सम्बन्धित पक्षद्वारा निर्धारण गरिने घर जग्गा कर यस कम्पनीको सम्भावित दायित्वको रुपमा रहेको छ । आ.व.२०६९।०७० को वहाल कर बापत रु.१०,७०,४००।- बुझाईसकेको र बाँकी बहाल कर घर जग्गा करसँगै भुक्तानी गरिने छ ।

**ग) पूँजीको प्रतिवद्धताः**

छैन ।

**३.१९.११ आयकर व्यवस्था:**

आयकर ऐन, २०५८ को व्यवस्था अनुसार यस वर्षको लागि रु. ५.२९ करोड आयकरको व्यवस्था गरिएको छ । तथापि, कर लेखापरिक्षण/निर्धारण सम्पन्न भएपछि वास्तविक कर दायित्व भने फरक हुन सक्नेछ ।

**३.१९.१२ स्थगन कर दायित्व र सम्पत्तिको प्रमाणिकरण:**

स्थगन कर (Deferred Tax) करको दर र वासलात तयार गरिदाँसम्मको दिनका प्रचलित कर कानुनको आधारमा मूल्याङ्कन गरिन्छ । यस्तो कर सम्पत्ति भविष्यमा यथेष्ट करयोग्य आय हुने अवस्था निश्चित भएमा मात्र स्थगन करको व्यवस्था गरिन्छ । यस आर्थिक वर्षमा स्थगन कर (Deferred Tax) को सम्पत्ति रु.९७,४४,५३७/- हुन आएको छ, जुन २०७३ आषाढ मसान्तसम्म आय विवरणमा अभिलेखित नाफा र कर नाफा बीचको समयअन्तरको कारणबाट आएको भिन्नता हो । विस्तृत विवरण तल उल्लेख गरिएको छ:

| विवरण | शुरु मौज्दात (श्रावण १, २०७२) | चालू वर्षको | अन्तिम मौज्दात (आषाढ ३१,२०७३) |
|---|---|---|---|
| परसारिएको कर सम्पत्ति/(दायित्व) | | | |
| समय अन्तरको कारणले: | | | |
| क) स्थिर सम्पत्ति | (१५,९६,६४,११२) | ८६,६४,८३२ | (१५,१०,९९,२८०) |
| ख) उपदान | ५९,३०,४९८ | १०,९९,७०५ | ७०,३०,२०३ |
| खुद सम्पत्ति/(दायित्व) | (१५,३७,३३,६१४) | ९७,४४,५३७ | (१४,३९,८९,०७७) |

कर फछ्यौंट सम्बन्धी विषयमा कर निर्धारण हुन बाँकी रहेको कारणले समायोजन योग्य घाटामा कर सम्पत्ति प्रमाणिकरण गरिएको छैन ।

**३.१९.१३ कर्मचारी बोनस:**

बोनस ऐन, २०३० अनुसारले कामदार कर्मचारीहरुको लागि खुद नाफाको १० प्रतिशत व्यवस्था गरिएको छ ।

**३.१९.१४ कर्मचारी आवास कोष:**

आयकर कर र बोनस भन्दा अधिको खुद नाफाको ५% कर्मचारी आवास कोषमा छुट्टाइएको ।

**३.१९.१५ सम्बन्धित पक्षसँगको कारोबार:**

**नेपाल ट्राभल एजेन्सी प्रा.लि.सँगको कारोबार:**

कम्पनीले नेपाल ट्राभल एजेन्सी प्रा. लि. सँग सवारी भाडा खर्च बापत रु. १८,५५,६७४/- भुक्तानी गरी ग्राहकहरुलाई ल्याउन/लैजानको लागि सवारी साधन भाडामा लिएको छ, जहाँ श्री अरुण कुमार सराफ साझा सञ्चालक हुनुहुन्छ ।

**आइसिटिसि समुह (संस्थापक शेयरधनी) सँगको कारोबार:**

कम्पनिले आइसिटिसिलाई रु. १६,५६,८५२/- बरावरको बिक्री गरी आम्दानी प्राप्त गरेको छ ।

**व्यवस्थापनका मुख्य पदाधिकारीहरुको पारिश्रमिक:**

कम्पनीले यस आर्थिक वर्षमा पारिश्रमिक स्वरुप प्रबन्ध सञ्चालकलाई रु. ५८ लाख र कार्यकारी सञ्चालकलाई रु. ३९ लाख भुक्तानी गरेको छ ।

**३.१९.१६ सेवा शुल्क:**

कम्पनीको सम्पूर्ण बिक्रीमा आफ्ना ग्राहकहरुलाई १० प्रतिशत सेवा शुल्क लगाउने गरेको छ । उक्त सेवा शुल्क मध्ये ६८ प्रतिशत कर्मचारीलाई, २ प्रतिशत होटल संघ नेपाल (HAN) लाई वितरण गर्ने गरेको र बाँकी ३० प्रतिशत रु. २.९८ करोडलाई कम्पनीको आम्दानी जनाइएको छ ।

# प्रोक्सी फारम

श्री सञ्चालक समिति
तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
बौद्ध, काठमाण्डौं ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

............................जिल्ला,..........................न.पा./गा.वि.स.वडा नं.....बस्ने म/हामी ............................ले त्यस तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको शेयरधनीको हैसियतले संम्बत २०७३ साल फाल्गुन १७ गते मंगलवारका दिन २० औं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नको लागि ............................ जिल्ला, ........................................ न.पा./गा.वि.स. वडा नं ........... बस्ने श्री........................................................ लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/पठाएका छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको नामः–
दस्तखत नमुनाः-
शेयर प्रमाणपत्र/शेयरधनी परिचय नं.:-

निवेदकको दस्तखतः
नामः
ठेगानाः

| हितग्राही खाता नं. | DP ID | | | | | | | | Beneficial Owner ID | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | |

शेयरधनी परिचय नं.:
शेयर प्रमाणपत्र नं.:
शेयर संख्याः
मितिः

**नोट :** १) यो निवेदन साधारण सभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

- - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - -

## तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

(२० औं वार्षिक साधारण सभामा)

### प्रवेश–पत्र

हितग्राहि खाता (BOID) नं. :
शेयर प्रमाणपत्र नं :
शेयर संख्या :
शेयरधनीको नाम : ..........................................
शेयरधनीको हस्ताक्षर (सही): ..............................

तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको संम्बत २०७३ साल फाल्गुन १७ गते मंगलवारका दिन २० औं वार्षिक वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र ।

द्रष्टव्यः १) शेयरधनीहरु आफैंले माथि उल्लेखित खाली ठाउँहरुमा सम्पूर्ण विवरण भर्नु हुन अनुरोध छ ।
२) सभाकक्षमा प्रवेश गर्न यो प्रवेश–पत्र अनिवार्य रुपमा प्रस्तुत गर्नु पर्नेछ । अन्यथा सभामा प्रवेश गर्न पाइने छैन ।

...............
कम्पनी सचिव

# नोट


## नोट



GODAVARI HALL



ROX BAR GARDEN



# ताराागाउँ रिजेन्सी होटल्स लिमिटेड

बौद्ध, जि.पि.ओ. बक्स: ९६०९, काठमाण्डौं, नेपाल
फोन: ९७७-१-५१७१२३४, फ्याक्स् ९७७-१-५१७८३७९
E-mail: info@taragaon.com, share@taragaon.com